# रातो खबर साप्ताहिक
Ratokhabar weekly

वर्ष ४, अङ्क ३८, पूर्णाङ्क १८४ | २०७५ चैत ६ गते बुधबार | Wednesday, 20 March 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## नेकपाका नेता जीवन्तलाई देशद्रोहको मुद्दा

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य मोहन कार्की जीवन्तँलाई जिल्ला प्रहरी कार्यालय काठमाडौँले आधारबिनाको राजद्रोहको मुद्दा लगाएको छ। जीवन्तलाई शुक्रबार राती ललितपुरस्थित कोठाबाट बिनापुर्जी पक्राउ गरी विशेष ब्युरो नक्सालमा ४८ घन्टासम्म यातना दिएर राखिएको थियो। आइतबार अदालतमा उपस्थित गराई पुर्जी थमाइएको छ। प्रहरीले झूट्टा मुद्दामा फसाउन देशद्रोहको आरोप लगाएको छ। नेपाल कम्युनिस्ट पार्टीलाई प्रतिबन्ध गरेपछि पक्राउ परेका नेतालाई राजद्रोहको मुद्दा लगाएको यो पहिलोपटक हो।

सरकारले प्रतिबन्ध घोषणा गरेलगत्तै पक्राउ परेका नेकपाका पोलिटब्युरो सदस्य जीवन्तलाई आइतबार बिहान टेकुस्थित महानगरीय प्रहरी बाँकी पृष्ठ ७ मा

## कसैको हत्या गर्ने योजना छैन : नेकपा

नेपाल कम्युनिस्ट पार्टीले आफ्नो पार्टीको कुनै व्यक्तिको हत्या गर्ने योजना नरहेको बताएको छ। उक्त पार्टीको कार्यालयबाट प्राप्त जानकारीअनुसार आफ्नो पार्टीको कुनै व्यक्तिको हत्या गर्ने योजना नरहेको, एक कार्यक्रममा प्रचण्डले आफूलाई हत्या गर्ने योजना बनाई मान्छेसमेत खटाएको भनी सार्वजनिक रूपमा बोलेको कुरा भर्त्सनायोग्य र सफेद झूट भएको जनाइएको छ।

उक्त पार्टीले भनेको छ, 'पछिल्लो क्रममा नेकपालाई दमन गर्ने षड्यन्त्रबमोजिम यस्ता तथ्यहीन, भ्रामक कुराहरू आइरहेका छन्। यो कुरामा कुरामा कत्ति पनि सत्यता रहेको छैन। जनता र राष्ट्रका पक्षमा सङ्घर्ष गर्दै आएको एउटा क्रान्तिकारी पार्टीलाई बदनाम गर्न अनावश्यक लाञ्छना लगाएर धमिलो पानीमा माछा मार्ने योजना यो सरकार र उसका आसेपासेले अफवाह फैलाएका हुन्।'

नेकपाले भनेको छ, 'देशलाई युद्धमा धकेलेर जनतामा त्रास फैलाई तर मार्ने देशीविदेशी प्रतिक्रियावादीको घिनलाग्दो खेल सुरु भएको छ। यसलाई सबै देशभक्त, सच्चा लोकतन्त्रवादीहरूले मौकामा भण्डाफोर गर्नुपर्छ।'

न ` क प ा ल ` ... बाँकी पृष्ठ ७ मा

# नेकपाको प्रतिरोधात्मक बन्द सफल

■ रातो खबर संवाददाता/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले आफ्ना नेता/कार्यकर्ताको निरन्तरको गिरफ्तारी, केपी सरकारले देशव्यापी चलाएको सर्च एन्ड एरेस्ट अभियान र गतिविधिमाथि लगाएको प्रतिबन्धका विरुद्ध गत फागुन ३० गते आमहडतालसहितको नेपाल बन्द घोषणा गरेको थियो। यो सरकारले फागुन २८ गते राती मात्र बालुवाटारमा मन्त्रिमण्डलको बैठक बसी प्रतिबन्धको प्रस्ताव पारित गरेपछि देशको राजनीतिक वृत्तमा त्यसका विरुद्ध बहस भैराख्दा नेकपाका महासचिव विप्लवले आफ्नो पार्टीमाथि २०७२ सालमा संविधान घोषणा भएदेखि नै अघोषित प्रतिबन्ध लगाएको भन्दै यो प्रतिबन्ध लगाउनु हास्यास्पद भएको भनेका थिए।

यसरी प्रतिबन्ध लगाएको दोस्रो दिनमा नै गरिएको नेपाल बन्दको प्रभाव देशैभरि परेको छ। नेपालका सबै शिक्षण संस्था, कलकारखाना, उद्योग, यातायातलगायत जनसरोकारका सबै क्षेत्रमा बन्दको राम्रो प्रभाव परेको छ। यसले सरकारले घोषणा गरेको प्रतिबन्धले नेकपाको शक्तिमाथि खासै असर नपरेको प्रत्यक्षदर्शीहरूले जनाएका छन्। सरकारले ७७ वटै जिल्लामा उच्च सुरक्षा अपनाएको र प्रहरी परिचालन गरेको भने पनि अन्य बन्दहरूभन्दा बढी प्रभाव यो बन्दमा परेको जनाइएको छ।



बन्द पूर्ण सफल भएको भन्दै नेकपाका महासचिव विप्लवले ३० गते साँझ वक्तव्य निकाली सबै पक्षलाई धन्यवाद दिएका छन्। उनले वक्तव्यमा भनेका छन्, 'हाम्रो पार्टीका विरुद्धमा केही समयदेखि केपी एन्ड बादल कम्पनीले दशैभरि भीषण दमन चलाइराखेको छ। जनताको घरमा छापामार्ने, कुटपिट गर्ने यति मात्र नभएर गोलीसम्म हान्न पुगेको छ। उसको यस्तो नरसंहारकारी दमनलाई वैधानिकता दिनका लागि यही फागुन २८ गतेदेखि पार्टीका गतिविधिमा प्रतिबन्ध घोषणा गरेको छ। यस्तो अवस्थामा जनता र देशको मुक्तिका लागि र वैज्ञानिक समाजवाद स्थापना गर्ने उद्देश्यले अभियानात्मक आन्दोलन गरिराखेको पार्टीले उसले चलाएको दमन र प्रतिबन्धका विरुद्ध प्रतिरोध गर्नु अनिवार्य सर्त हुने गर्दछ। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा लड्दै गर्दा कैयौँ अवरोधहरू आउने गर्दछन्। हामीले इमानदार र कुशलताका साथ ती अवरोधहरूलाई पन्छाउँदै आएका छौँ। यही क्रममा यो दलाल संसदीय व्यवस्थाले प्रतिबन्धका नाममा अर्को अवरोध ल्याउन खोजेको छ। हामीलाई विश्वास छ यो प्रतिबन्ध पनि पानीको फोकाझैँ फुटेर जानेछ।'

उनले आफूले गर्ने आन्दोलनहरूमा सबै देशभक्त, गणतन्त्रवादी र सच्चा लोकतन्त्रवादीहरूलाई काँधमा काँध मिलाएर अघि बढ्न अपिल गर्दै भनेका छन्, 'यही क्रममा हाम्रो पार्टीले आज आयोजना गरेको बन्दसहितको आमहडताल प्रतिरोधसहित पूर्णरूपले सफल भएको छ। हाम्रो यो आन्दोलनमा विगतमा झैँ सहयोग, समर्थन, ऐक्यबद्धता व्यक्त गर्ने राजनीतिक पार्टी, व्यक्तित्व, नागरिक बाँकी पृष्ठ ७ मा

# नेकपामाथि लगाइएको प्रतिबन्धको चौतर्फी विरोध

**विप्लवका पक्षमा नेतादेखि जनतासम्म, कलाकारदेखि पूर्वप्रधानमन्त्रीसम्म, अभिनेतादेखि बुद्धिजीवीसम्म, विश्लेषकदेखि विपक्षीसम्म**
















सरकारले विप्लव नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाउने निर्णय गरेपछि त्यसको चौतर्फी विरोध भएको छ। प्रधानमन्त्री केपी वलीकै पार्टीभित्र पनि प्रतिबन्धको विषयलाई लिएर विवाद चुलिएको छ। उक्त पार्टीका उच्च तहका नेताहरूले उक्त दलमाथि प्रतिबन्ध लगाउने कुरा हतारको निर्णय भएको भन्दै विरोध गरेका छन्। सरकारी नेकपाका वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्रीहरू माधव नेपाल, झलनाथ खनाल तथा पूर्वउपप्रधानमन्त्रीहरू वामदेव गौतम नारायणकाजी श्रेष्ठलगायत नेताहरूले विप्लव नेतृत्वको नेकपामाथि लगाइएको प्रतिबन्धको विरोध गरेका छन्।

यस्तै अर्को कम्युनिस्ट घटक क्रान्तिकारी माओवादीले विप्लवमाथि प्रतिबन्ध लगाउने सरकारी कदम फासिवादी ... बाँकी पृष्ठ ७ मा

# पार्टी, सेना, जनपरिषद् र जनताले सरकारी प्रतिबन्धको डटेर सामना गर्नेछन् : नेता सुदर्शन

■ रातो खबर संवाददाता/काठमाडौँ



नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य तथा मध्यकेन्द्रीय कमान्ड इन्चार्ज हेमन्तप्रकाश ओली 'सुदर्शन' ले आफ्नो पार्टीमाथि प्रतिबन्ध लगाउनुको अर्थ जनतामा पार्टीको प्रभाव बढ्दै गएको प्रमाणित भएको विश्लेषण गर्दै उक्त प्रतिबन्धबाट आतङ्कित नहुन नेता, कार्यकर्ता र जनतालाई आग्रह गरेका छन्। साथै उनले आफ्नो पार्टीका सम्पूर्ण तहलाई धैर्यपूर्वक प्रतिबन्धको सामना गर्दै अघि बढ्न आह्वान पनि गरेका छन्। आफ्नो पार्टीमाथि लगाइएको प्रतिबन्ध नकारात्मकताभित्रको सकारात्मक भएको प्रस्ट पार्दै नेता सुदर्शनले उक्त प्रतिबन्धलाई आफ्नो पार्टीले चुनौतीका रूपमा लिएको बताएका छन्। साथै उनले अब देशका क्रान्तिकारी, देशभक्त शक्ति र सच्चा लोकतन्त्रवादीहरूका बीचमा संयुक्त मोर्चा खडा हुने आधार तयार भएको बताएका छन्।

नेता सुदर्शनले आफ्नो पार्टीमाथि लगाइएको भनिएको प्रतिबन्धका विरुद्ध आवाज उठाउने सबै क्रान्तिकारी पार्टीहरू, देशभक्तहरू र सच्चा लोकतन्त्रवादीहरूलाई ... बाँकी पृष्ठ ७ मा

# सीके र सरकारबीचको सम्झौता समवर्गभित्रैका लेनदेन सौदाबाजी : विप्लव

■ रातो खबर संवाददाता/काठमाडौँ

काठमाडौँ : यही फागुन २४ गते सरकार र सीके राउतका बीच भएको सम्झौताका बारेमा नेपाल कम्युनिस्ट पार्टीले आफ्नो धारणा सार्वजनिक गरेको छ। उक्त पार्टीका महासचिव विप्लवले वक्तव्य निकालेर आफ्नो पार्टीको धारणा बाहिर ल्याएका हुन्। उनले वक्तव्यमा भनेका छन्, 'फागुन २४ गते केपी वली सरकार र सीके राउतबीच भएको ११ बुँदे सम्झौताबारे पक्ष-विपक्षमा प्रचारहरू भइरहेका छन्। सामान्यतः धेरैले वार्ताबाट समस्या हल गर्नु सकारात्मक भएको प्रतिक्रिया दिएका छन्। हाम्रो दृष्टिकोणमा सम्झौता के हो ? यसबाट के समस्या समाधान भयो र जनताले के प्राप्त गरे भन्ने विषय मुख्य हुन्छ।'



उनले देशमा बर्सौंदेखिको वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक समस्याको समाधान वर्तमान दलाल पुँजीवादी राज्यप्रणालीबाट नहुने ठोकुवा गर्दै भनेका छन्, 'सामान्यतः पुँजीवाद र दलाल पुँजीवादी सत्ता स्वीकार्दै वा मान्दै गरिने आपसी विवाद, सङ्घर्ष, फासिवाद र विखण्डन साथै उनीहरूबीच हुने सम्झौता पुँजीवादकै बहुअनुहार हुन्। समवर्गभित्रैका लेनदेन बाँकी पृष्ठ ७ मा

# प्रतिबन्ध कम्युनिस्ट पार्टीमाथि कि सामाजिक दलाल पुँजीवादीविरुद्ध ?

**देश/परिवेश**

■ धर्मेन्द्र बास्तोला



एमाले-माकेको गठबन्धनबाट बनेको कथित नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा बनेको सामाजिक दलाल पुँजीवादी सरकारको यही २०७५ फागुन २८ गतेको मन्त्रिपरिषद् बैठकले हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीलाई प्रतिबन्ध लगाएको घोषणा गऱ्यो। यसबाट जर्मनीमा कार्लमार्क्समाथि १८४५मा प्रतिबन्ध र देशनिकाला, लेनिनमाथि १९०९मा प्रतिबन्ध, जर्मनीमा १९१९ मा रोजालक्जम्बर्गमाथि प्रतिबन्ध, १९७६ मा भारतमा भारतीय कम्युनिस्ट पार्टी र चारु मजुम्दारमाथि लगाईएको प्रतिबन्ध र नेपालमा राजा महेन्द्रबाट नेपालका सबै पार्टीहरूमाथि लगाइएको प्रतिबन्धको निरन्तरताअभिव्यक्त हुन्छ। यसप्रकारका प्रतिबन्धहरूले समाजको परिवर्तन र आमूल रूपान्तरणको अपेक्षालाई तत्कालकालागि कुठाराघात मात्र गर्दैन, अन्ततः जनताका आवाजमाथि प्रतिबन्ध लगाउने प्रतिगामीहरूको सर्वनास पनि गर्न पुग्छ।

नेपालमा कम्युनिस्टका नाममा समाजवाद र साम्यवादको बदनाम गर्ने नेपाली पोलपोट र चाउचेस्कुको कुरूप प्रतिनिधित्व केपी-प्रचण्डमण्डलीले हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्धको घोषणा त्यतिबेला गरेको छ जतिबेला उनीहरूको हातबाट प्रथमः जनमतसङ्ग्रहद्वारा देश टुक्र्याउने लेन्डुपी हर्कतमा हस्ताक्षर गरिएको छ, दोस्रोः राज्यलाई ७२ अर्ब कर नतिर्ने एनसेलमाथिरक्षा गर्ने हर्कत गरिएको छ, तेस्रो : वैदेशिक रोजगारी खोज्न बाध्यबनाइएका देशका नागरिक- मुख्यतः युवकयुवतीहरूलाई विदेशमा बिक्री गर्ने मानवतस्करको रक्षा गर्ने हर्कतस्वरूप सरकारबाट प्रतिबद्धता व्यक्त गरिएको छ, चौथोः राज्यले निर्माण गरी देशको आर्थिक मेरुदण्ड बनाउनुपर्ने प्रकृतिक सम्पदा माथिल्लो कर्णाली, अरुण तीन, बूढीगण्डकीलगायत परियोजनाहरू एकाधिकारवादी कम्पनीहरूको हातमा दिने काम गरीएको छ, पाँचौः निर्मला बलात्कार र हत्या, वाइडबडी जहाजमा भ्रष्टाचारकाण्ड, सुनकाण्ड, ... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# प्रतिबन्धले गरेको सङ्केत

नेपालको राजनीतिक परिदृश्यमा अहिले विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीमाथि केपी शर्माको नेतृत्वको सरकारले लगाएको प्रतिबन्धलाई लिएर निकै बहसहरू चलिराखेका छन् । यो प्रतिबन्धलाई लिएर संसदीय पार्टीभित्र पनि विरोध भएका छन् । यति मात्र नभएर सरकारको नेतृत्व गरेको पार्टीका वरिष्ठ नेताहरूले पनि उक्त प्रतिबन्धको विरोध गरिराखेका छन् । तर पनि केपी सरकारको उन्माद कायमै छ । उसलाई कसैको सल्लाह र सुझाव अनि विरोधले केही फरक परेको छैन जस्तो स्वाङ पारिराखेको छ । संसदीय चुनावको दुईतिहाई बहुमतको दम्भले उसमा अत्यधिक उन्माद चढिरहेको छ । नेकपामाथि लगाएको प्रतिबन्धको एकोहोरो कारणको रटान लगाइराखेको छ- बम पड्काउने, चन्दा असुली गर्ने, आपराधिक गतिविधि गर्ने ।

२०७४ साल फागुन ३ गते सरकार गठन भएदेखि नै उनीहरूले विश्वको सर्वश्रेष्ठ भन्दै आएको संविधानमा राखिएका प्रावधानहरूलाई लत्याउँदै नेकपाका नेता/कार्यकर्ताहरूको गिरफ्तारी बढाएर लगे । स्थायी समिति सदस्य सुदर्शनबाट सुरु भएको गिरफ्तारी प्रकाण्ड हुँदै उमा भुजेलसम्मका ११ जना केन्द्रीय नेताहरूसहित चार सयको आसपासमा पुगेपछि वार्ताको सन्दर्भ उठेको थियो । पार्टीको चरणबद्ध आन्दोलन, मानवअधिकारवादी, कानुन व्यवसायीको निरन्तरको विरोध र राजनीतिक पहलबाट केपी सरकार हैरान भएर सबै नेता/कार्यकर्ताहरूलाई छाड्न बाध्य भएको थियो । सरकारले उसको यो बाध्यतालाई वार्ताको वातावरण बनाएको हौला फैलाएको थियो । उसले नेकपाका नेता/कार्यकर्तालाई रिहा गर्नुपर्ने बाध्यतालाई वार्तासँग जोडेको थियो । त्यसैले अमूर्त रूपमा वार्ताको कुरा गरेर भ्रम छर्न थालेको थियो । वास्तवमा उसको भित्री मनसाय भनेको नेकपालाई दमन गर्ने रणनीति थियो ।

केपी सरकारको यो षड्यन्त्रको पुष्टि केही दिनमा नै भयो । उसको सरकारले फेरि गिरफ्तारी बढाउँदै लग्यो । फागुन २८ गते अचानक केपी वलीले आफ्नो निवासमा मन्त्रिमण्डलको बैठक बसाई गृहमन्त्री रामबहादुर थापालाई नेकपाको क्रियाकलापमाथि प्रतिबन्ध लगाउने प्रस्ताव ल्याउन लगाए । केपीको बढी नै ढिपीमा त्यो प्रस्ताव मन्त्रिमण्डलले पारित गरेको थियो । त्यसको लगत्तै गृह मन्त्रालयले देशका सबै जिल्लाहरूमा सुरक्षा फौज तैनाथ गर्दै हिजोका नरसंहारकारी रोमियो, किलो सेरा टुजस्तै सर्च एन्ड एरेस्ट अभियान सञ्चालन गरेर आमजनतामा आतङ्क उत्पन्न गरेको छ ।

त्यससँगै सरकारले प्रधानमन्त्रीले सीधै सेना परिचालन गर्न पाउने विधेयक पिजन होलमा राखिदिएपछि यो सरकारको अर्को षड्यन्त्र फेरि बाहिर आयो । यसरी संसद्बाट नै विधेयक पारित गराएर सेना परिचालन गर्ने अधिकार आफूमा सुरक्षित राख्ने चाहना राखेका केपीले यसअघि नै सुरक्षा निकायका मुख्य अङ्गहरूलाई आफ्नो मातहतमा राखिसकेका छन् । यति मात्र होइन, उनले न्यायालयलाई पनि आफ्नै अधीनमा राखिराखेका छन् ।

संसदीय व्यवस्थामा स्वतन्त्र न्यायपालिकाको रटान संसदीय पार्टीहरूले लगाउने गरेका छन् । साथै यो स्वतन्त्र न्यायपालिकालाई लोकतन्त्रको सुन्दर पक्ष भनेर व्याख्या गर्ने गरेका छन् । तर केपीले प्रधानन्यायाधीशको चयनसँगै उनीहरूको स्वतन्त्र न्यायपालिकाले पनि हावा खाएको छ । उक्त कुराको पुस्टि केही दिनअघि अखिल नेपाल किसान सङ्घ क्रान्तिकारीका अध्यक्ष राजु कार्की र पूर्वविद्यार्थी नेता केदार खतिवडाको बन्दीप्रत्यक्षीकरणलाई सर्वोच्चले खारेज गरिदिएको छ ।

यी तथ्यहरूले केपी वलीको सरकार र वर्तमान संसदीय व्यवस्था एकदमै फासिवादी बन्दै गएको प्रमाणित गरेका छन् । यसरी आफ्नै कानुन र संविधानमा राखिएका प्रावधानलाई लत्याउँदै कम्युनिस्ट नामधारी दुई तिहाईको सरकारले किन यस्तो गरिराखेको छ त ? किन यो सरकार दिनानुदिन फासिवादी बन्दै गइरहेको छ त ? के यो केपी वलीको नै दिमागी उपज हो ? कि कसैद्वारा सिर्जित परिणति हो ?

पछिल्लो केही समयदेखि नेपाल अमेरिकाको योजनाभित्र परेको देखिन्छ । केही महिनाअघि केपी सरकारका परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली अमेरिका भ्रमणमा गएका थिए । उनले त्यहाँ १९ बुँदे सहमति पनि गरेका थिए । त्यसमध्ये २ वटा बुँदा नेपालका लागि मात्र नभएर दक्षिणएसियाली क्षेत्रमा नै रणनीतिक प्रभाव पर्नेखालका रहेका छन् । त्यसमा मुख्य रूपमा इन्डो प्यासिफिक रणनीतिमा आधारित बुँदा र कोरियाली प्रायद्वीप जनगणतान्त्रिक कोरियामा लाग्दै आएको नाकाबन्दीलाई मान्यता दिने कुरा रहेको छ ।

यी तथ्यहरूले अमेरिकाको चीनलाई घेर्ने, जनगणतान्त्रिक कोरियालाई झुकाउने योजनालाई लिएर अमेरिकाले नेपाली भूमिलाई खेलमैदानका रूपमा प्रयोग गर्न थालेको छ । त्यसका लागि उपयुक्त मोहरा कम्युनिस्ट नामको सरकार र त्यसका प्रधानमन्त्री केपी वली बन्न पुगेका छन् । केपी वलीले क्रान्तिको बाटोमा हिँडेको नेकपालाई खतम गर्ने र त्यसपछि हिजो जनयुद्धको नेतृत्व गरेका प्रचण्डलाई हेगको डन्डा लगाउने योजना बनाएको बुझिन्छ । तर उनलाई आफू माओवादीविरोधी भएकाले अमेरिकाले सुरक्षित राख्छ भन्ने भ्रम रहेको छ ।

यी परिघटना र तथ्यहरूलाई मनन नगरी उनी डलरद्वारा पालितपोषित सल्लाहकारहरूको हौवाको पछि लागेका छन् । त्यसैले पछिल्लो क्रममा सरकारले नेकपामाथि लगाएको प्रतिबन्धले केवल उसमाथि लगाएको प्रतिबन्धमा मात्र सीमित गर्दैन बरु दक्षिणएसियाको कुल राजनीतिमा महाशक्तिहरूको प्रवेश र नेपाल त्यसको क्रीडास्थल बन्दैछ भन्ने सङ्केत गर्दछ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# सहिद सप्ताह र सत्ताको फासिवादी दमन



**ओम प्रकाश पुन**
नेता, नेकपा

**१) प्रारम्भ**

हाम्रो पार्टीले जनयुद्ध कालदेखि नै मनाउँदै आएको फागुन १४ देखि २१ गतेको सहिद सप्ताह कार्यक्रम केपी वलीको दलाल सामाजिक फासिवादी सरकारको दमनका कारण यो वर्ष हामीले सहजतापूर्वक सम्पन्न गर्न पाएनौँ । पाएनौँ मात्रै हैन, जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलको सहादत भएको दिन फागुन १४ गते इलामलगायत देशका विभिन्न भागमा कार्यक्रमस्थलबाटै हाम्रा थुप्रै नेता-कार्यकर्तालाई यो दलाल सामाजिक पुँजीवादी सरकारले गिरफ्तार गर्‍यो । इलामको फाकफोक थुम गाउँपालिकाको लुमसुङदाङको छायाँदेवी माविमा पनि मेचीमा सञ्चालित सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान २ का तर्फबाट मेची ब्युरोकै आयोजनामा सहिद परिवार सम्मान तथा सहिद सप्ताह उद्घाटन कार्यक्रम राखिएको थियो । त्यसमा पनि केपी वलीको दलाल सरकारले हस्तक्षेप गर्‍यो । त्यसक्रममा सुरुमा नै मलगायत पाँचजना साथीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । तर साथीहरूको प्रतिरोधात्मक सङ्घर्षका कारण मलगायत केही जिम्मेवार साथी प्रहरीको कब्जाबाट फुत्किन सफल भयौँ भने केहीबेरको झडप र वार्तालापपछि सहमतिमा गोपी बस्नेत, अमृत मगर, बाबा लिम्बू, केबी लिम्बू र विक्रम राईसहित पाँचजना साथीलाई प्रहरीले लिएर गयो । समयको एउटा यस्तो मजाक पनि हुनेरहेछ- सोही स्थान अर्थात् पारिपट्टि एकतप्पामा कुनै बेला हाम्रै क्रान्तिकारी लाइनमा सामेल भै फेरि प्रचण्डकै झुण्डमा फर्किएका र अहिले कथित एक नम्बर प्रदेशका आर्थिक मामिलामन्त्री भएका इन्द्र आङ्बो 'मौसम' जनयुद्ध कालमा कामराङ सेना बनाएर हाम्रा कैयौँ योद्धाहरूलाई हत्या गराएका लारुम्बाका धर्मगुरु आत्मानन्द लिङ्देनसँग आएर रूपाटारमा मन्दिर उद्घाटन गर्दै थिए भने वारि पट्टी आम चोकको लुमसुङदाङमा हाम्रो सहिदपरिवार सम्मान कार्यक्रममा प्रहरी पठाएर हस्तक्षेप गराउँदै थिए । यस्तो घटना देशव्यापी रूपमा भयो ।

जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलको सहादतदेखि २०२९ साल फागुन २१ गते झापा आन्दोलनका योद्धाहरूलाई झापाबाट इलाम जेल सरुवा गर्ने बहानामा तत्कालीन सूर्यबहादुर थापाको पञ्चायती निरङ्कुश सरकारले सुखानीको जङ्गलमा ल्याएर हत्या गरेको दिनसम्मलाई जोडेर हाम्रो पार्टीले सहिद सप्ताह मनाउने गरेको छ । यस वर्ष पनि पार्टीले एक सातासम्म सहिद परिवारलाई सम्मान गर्ने, पार्टीले सक्दो उपहार दिने, महासचिव कमरेड विप्लवको नामबाट आएको अभिनन्दनपत्र प्रदान गर्ने तथा सहिदका नाममा सार्वजनिक कार्यहरू गर्ने निर्णय गरेको थियो । सोहीबमोजिम केपी वलीको सामाजिक दलाल सरकारको दमनलाई चिर्दै सहिद सप्ताह कार्यक्रम देशव्यापी सम्पन्न भएको छ ।

**२) भ्रमको पर्दाफास**

यो वर्षको १२५ औँ माओ दिवस, २५ औँ जनयुद्ध दिवस, सहिद सप्ताह र एमालेसँगको कथित पार्टीएकताले प्रचण्ड समूहको कम्युनिस्ट मुखुण्डो च्यातिएको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकामाथि देखापरेको सङ्कटले केपी र प्रचण्डप्रतिको भ्रमको पर्दाफास भएको छ । २०२८ सालको झापा विद्रोहबाट भागेको माले समूहले २०३५ सालदेखि माओ विचारलाई थाती राखेर २०४६ सालपछि त्यसलाई औपचारिक रूपमा परित्याग गर्‍यो । २०४७ सालमा एमालेका रूपमा देखापरेको दक्षिणपन्थी शक्ति पञ्चायत कालमा आफ्नै कार्यकर्ताको हत्या गर्ने दरबार र सूर्यबहादुर थापाजस्ता मण्डलेको साथमा कैयौँपटक सरकारमा सामेल भयो । तर लामो समय यसले नेपाली जनतालाई कम्युनिस्टका नाममा भ्रममा पार्‍यो । यथार्थमा एमाले कम्युनिस्ट नभई कार्ल काउत्स्की र बर्नस्टिनको चेला रुसमा ख्रुस्चेभ जन्मिएजस्तै नेपालमा पनि ख्रुस्चेभको नेपाली अवतारका रूपमा मदन भण्डारीको कथित बहुदलीय जनवाद र त्यसलाई बोक्ने एमाले जन्मिएको थियो । संसद्बाट समाजवादको दक्षिणपन्थी नारा कार्ल काउत्स्की, बर्नस्टिन र ख्रुस्चेभले नै अघि सारेका थिए जो उहिल्यै असफल भैसकेको थियो र त्यसको सिको नेपालमा एमालेले गरेको थियो । जसरी रुसमा यो पुँजीवादी विचार बोकेबापत पहिले साम्राज्यवादीहरूले ख्रुस्चेभलाई माला लगाएर स्वागत गरे भने पछि सोभियत सङ्घ विघटन गर्ने बोरिस यल्तसिनलाई त झन् नोबेल शान्ति पुरस्कार नै प्रदान गरे जो पछि भ्रष्टाचारको मुद्दामा मुछिए ।

नेपालमा पनि नाङ्गो पुँजीवादमा पतन भएको एमाले, अहिले पछि झन् महापतनमा भासिएको प्रचण्ड समूह र त्यसका गद्दार नेताहरूलाई पनि साम्राज्यवादीहरूले अहिले त्यस्तै गरिरहेका छन् । जनताको मुक्ति र क्रान्तिकारी आन्दोलनबाट विचलित भएका पुष्पकमल दाहाल उर्फ प्रचण्डले अहिले शान्ति नोबेल पुरस्कारका लागि आईएनजीओहरूलाई गुहार्दै हिँड्नु त्यसकै परिणाम हो ।

नेपालमा जनता सधैँभरि क्रान्तिकारी रह्यो र हरेकपटकका क्रान्तिकारी आन्दोलनमा बलिदान गर्‍यो । कुनै बेला काङ्ग्रेसको नेतृत्वमा जनताले बलिदान गर्‍यो । कुनै बेला एमालेको नेतृत्वमा बलिदान गर्‍यो र सबैभन्दा ठूलो त्याग र बलिदान नेपाली जनताले दसबर्से महान् जनयुद्धमा गर्‍यो । तर नेतृवले आफू शक्तिमा पुगेपछि सधैँ जनतालाई धोका दिने काम गरेको छ । अझ यसो भनौँ नेतृत्वले आफू शक्तिमा पुग्न दलाली (मोलमोलाइ) का निम्ति सङ्घर्षको कुरा गर्‍यो तर जनता वास्तविक मुक्तिका लागि सङ्घर्षमा होमिए । जसका कारण जसका विरुद्ध जनतालाई लडायो र बलिदान गरायो नेतृवले पछि उसैसँग सम्झौता गरेर धोका दियो जनतालाई । विक्रम संवत् १९९७ सालमा जहाँनिया राणा शासनका विरुद्ध लडेर बलिदान गरेका गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द र नारायणविलास जोशी जसलाई मार्ने लालमोहर तत्कालीन राजा त्रिभुवनले लगाएका थिए तर जब राजा, काङ्ग्रेस र राणाका बीच भारतको अगुवाइमा त्रिपक्षीय दिल्ली सम्झौता भयो तब सहिदगेटमा हत्यारा राजा त्रिभुवनलाई शिरमा र चार सहिदहरूलाई उनको पाउमा राखेर अपमान गर्ने काम गरियो । त्यति मात्र कहाँ हो र, पञ्चायतका विरुद्ध लडेर बलिदान गर्ने र मुक्ति सेनामा सामेल भएर जीवन दिने सहिद र लडाकु योद्धाहरूलाई २०४६ सालपछिको राजतन्त्रात्मक संसदीय बहुदलीय शासन हुँदै यहाँसम्म आउँदा पनि नेपाली काङ्ग्रेसले ठूलो अपमान गरिरहेको छ । झापा विद्रोहलगायत देशका विभिन्न ठाउँमा भएका किसान विद्रोह, जनआन्दोलन र सामन्तविरोधी विद्रोहमा बलिदान गर्ने सहिद र योद्धाहरूको अपमान उनकै हत्यारा शासक र वर्गसँग सम्झौता गरेर साबिकको एमालेले गर्दै आएको छ । अहिले पछिल्लो चरणमा आएर प्रचण्ड समूहले त झन् जनयुद्धको समयमा आफ्नै टाउकाको मूल्य तोक्ने र १७ हजार जनताको हत्या गर्ने काङ्ग्रेस, एमाले र राजवादीहरूसँग मिलेर सहिद तथा बेपत्ता र घाइते योद्धाहरूको अपमान र बिचल्ली पार्दै दलाल दक्षिणपन्थी एमालेलाई पार्टी बुझाएर समाजवादी क्रान्तिको झन्डा बोकेको हाम्रो पार्टीका विरुद्ध फासिवादी दमन चलाइरहेको छ । यो समूहको पतन त झन् छोटै अवधिमा कतिसम्म देखियो भने माओवादको परित्याग, जनयुद्ध दिवसको परित्याग, जनआन्दोलन र जनमुक्ति सेना दिवसको परित्याग र सहिद सप्ताहको परित्यागसहित जुन दिन सहिद दिवसको उद्घाटन र सहिद परिवार अभिनन्दन कार्यक्रम हाम्रो पार्टीले देशव्यापी गर्दै थियो, त्यस दिन त्यो समूहका नेताहरू हाम्रा कार्यक्रममा प्रहरी हस्तक्षेप गराएर, आफूहरू भने प्रतिगमनका किल्ला मन्दिर उद्घाटन गर्दै हिँडे । यो भनेको प्रचण्ड समूहको महापतन हो जसलाई भविष्यले माफ गर्नेछैन ।

**३) विरासतको सम्मान र अपमान**

साबिक एमालेको कुनै पनि पङ्क्तिले तन जनयुद्ध दिवस मान्यो, न त माओ जयन्ती मान्यो न त जनयुद्धका सहिदहरूलाई सम्झिने सहिद सप्ताह मान्यो तर प्रचण्ड भने जनयुद्धका सहिदहरूलाई बर्सिएर झापा विद्रोहका सहिदलाई सम्झिन केपी ओलीको लमी बनेर सुखानी पुगे । यसको ठूलो राजनीतिक महत्व छ । हुनत हामीले फागुन १४ को दिलबहादुर रम्तेलको सहादतदेखि फागुन २१ को सुखानी हत्यासम्मको दिनलाई सहिद सप्ताह मान्छौँ । यो अहिले हैन, एमालेले समेत सुखानीका सहिदलाई सहिद भनी सम्मान गर्न नसकेको अवस्थामा जनयुद्धकालदेखि नै यो दिवस मान्छौँ । एमालेले त २०७२ सालदेखि मात्रै सरकारबाट निर्णय गराएर सुखानीका पाँच सहिदहरू रामनाथ दाहाल, कृष्ण कुइँकेल, नेत्र घिमिरे, बिरेन राजवंशी र नारायण श्रेष्ठलाई सहिद मानेको हो । अहिले जसको नाममा सहिद पार्क र स्तम्भ बनाएर एमालेका केही मान्छेहरूले कमाइ खाने भाँडो बनाएका छन् । हो, यसमा प्रचण्डको किन यति आसक्ति देखियो ? माधव नेपालले जनयुद्ध दिवसको सवालमा हाम्रो पार्टीको संस्थागत निर्णय होइन भनेर अपमानित हुने शब्द बोले । केपी वली जनयुद्ध दिवसको चियापान कार्यक्रममा गएनन् मात्रै होइन, जनयुद्ध दिवसलाई समेत विषयान्तर गर्ने गरी सरकारी नेकपाको केन्द्रीय कार्यालयको ब्यानरमा जनआन्दोलन र जनयुद्धका सहिदको सम्झना लेखेर अपमानित गर्ने काम गरे । उनले यसो गर्नु स्वाभाविकै हो किनकि उनी जनयुद्ध र क्रान्तिविरोधी व्यक्ति हुन् र एमाले कम्युनिस्टका नाममा कलङ्क र क्रान्तिविरोधी शक्ति हो । त्यसकारण एमाले र उसका नेताहरूले आफ्नो विरासत बचाउनु स्वाभाविक नै हो तर प्रचण्ड समूहले भने पूरै आफ्नो विरासत भुल्यो । भुल्यो मात्रै हैन, पूरै परित्याग गर्‍यो । जनयुद्धको पूरै विरासतलाई त्यागेर अब प्रचण्ड फागुन १६ लाई सहिद दिवस, फागुन ७ लाई प्रजातन्त्र दिवस, शिवरात्री (भाङ खाने दिन) लाई सेना दिवस, चैत २६ (जो जनआन्दोनमाथिको धोकाको दिन हो) लाई जनआन्दोलन दिवस र कथित गणतन्त्र आएको दिनलाई लोकतन्त्र दिवस मनाउने र मठमन्दिरमा गएर पूजा गर्ने ठाउँमा पुगेका छन् । उनी सुखानीमा गएर केपी वलीको बोलीमा जुन लोली मिसाए त्यो भनेको म खाँट्टी एमाले बनेँ भन्ने देखाउनु हो । यसले माओवादीको एउटा कित्ता (जो वैचारिक र राजनीतिक रूपले पतन र विसर्जनको दिशामा गएको थियो) लाई प्रचण्डले एमालेकरण गरेको पुष्टि गर्छ । सुखानीमा गएर केपी वलीले कथित चन्दा आतङ्क, डरत्रास र बम पड्काउनेहरू कम्युनिस्ट होइनन् र त्यसलाई सरकारले नियन्त्रण र कानुन कारबाही गर्छ भनेर बोले । उनले यो बोल्नु स्वाभाविकै कुरा हो किनकि उनको पञ्चायतमा १४ वर्ष जेल बस्नुभन्दा नेपालको क्रान्तिकारी आन्दोलनमा कुनै भूमिका छैन । जनयुद्धका र जनआन्दोलनका घोर विरोधी केपी वलीले क्रान्तिकारी कम्युनिस्टलाई अराजक, आतङ्ककारी, लुटेरा र विध्वंसक देख्नु स्वाभाविक नै हो । अहिले देशको सबैभन्दा ठूलो लुटेरा, जनघाती र देशद्रोही नै केपी वली हुन् । जसरी अहिले केपी वलीले राष्ट्रिय ढुकुटीबाट १८ करोड खर्च गरेर ज्यान बचाएका छन् । दैनिक १५ हजार लिटरको दरले ६० हजारको जापानमा प्रशोधित पानी खान्छन् र देशमा भ्रष्टाचार, अनियमितता, राष्ट्रघात र जनघातमाथि चढेर फासिवाद र लुटपाट गर्न पाएका छन् । जसलाई कमरेड माओको भाषामा कम्युनिस्ट हुन्डरी भनिएको छ । हो यो हुन्डरी र लुटपाटमा केपी ओली रम्न पाएका छन् र आफू कथित स्वर्गको मालिक बन्न पाएका छन् । देशमा क्रान्तिकारी आन्दोलन अगाडि बढ्यो र समाजवाद आयो भने केपी ओलीको यो लुटको स्वर्ग भत्किनेछ । त्यसकारण एमालेभित्र पनि मध्य, वाम र दक्षिणपन्थी ट्रेन्टमध्ये घोर दक्षिणपन्थी कित्तामा पर्ने केपी ओलीले क्रान्तिका विरुद्ध वा समाजवादका विरुद्ध विष बमन गर्नु स्वाभाविकै हो । कहिले राजाको पाउमा दाम चढाएर प्रतिगामी कित्तामा सामेल हुने त कहिल्यै अमेरिकी राजदूत आउँदा पार्टी केन्द्रीय कार्यालयबाट मार्क्स र लेनिनका फोटा हटाएर साम्राज्यवादीको दलाली गर्ने अनि कहिल्यै काङ्ग्रेस र भारतीयको काँधमा चढेर क्रान्तिकारी आन्दोलनको गला रेट्न तम्सिने त कहिले ज्ञानेन्द्रको निरङ्कुशतामा समेत संयुक्त आन्दोलनबाट भागेर काङ्ग्रेसलाई उछिनेर प्रतिगमन आधा सच्चियो भनी सरकारमा गएर जनयुद्ध र जनआन्दोलनका विरुद्ध दमनमा आउने एमालेले अहिले हाम्रो पार्टीले अघि सारेको एकीकृत जनक्रान्तिका विरुद्ध सामाजिक फासिवाद लाद्न खोज्नु ठिकै हो । तर हिजो जनतामा महान् सपना बाँडेर जनताका सर्वोत्तम छोराछोरीलाई बलिदान गर्न आह्वान गर्ने प्रचण्डहरूका निम्ति अहिले जनताले फेरि दलाल पुँजीवादका विरुद्ध समाजवादी क्रान्तिको झन्डा उठाउँदा कसरी अतिवाद हुन्छ ? प्रचण्डले सुखानीमा गएर केपी वलीकै बासी डकार कम्युनिस्टका नाममा अतिवाद गर्नेलाई सरकारले कानुनी र प्रशासनिक उपचार गर्छ भन्नु जनयुद्धकालमा काङ्ग्रेस एमालेलगागतका दलाल पुँजीवादीहरूले डकारेको र खोकेको बासी डकार हैन र महाशय ! यस्ता बासी डकारले न त जनता तर्सिन्छन् न त क्रान्तिकारी आन्दोलन रोकिन्छ । बरु झन् जाज्वल्यमान ऊर्जाका साथ क्रान्ति अघि बढ्छ । यसमा सबैलाई हेक्का रहोस् । त्यसकारण जसरी सुखानीमा गएर केपीले आफ्नो गुमेको विरासतको सम्मान गरे ठीक त्यसको उल्टो प्रचण्डले जनयुद्ध र जनयुद्धका सहिदहरूको विरासतको घोर अपमान गरे । यसलाई प्रतिक्रान्तिको सिलसिलामा अघि बढेको निरन्तर प्रक्रिया र वैचारिक महापतनका रूपमा बुझ्न जरुरी छ

**४) सारांश**

जसरी आज केपी र प्रचण्डको गठबन्धन सरकार हाम्रो पार्टीले देशव्यापी रूपमा गरिरहेको जनयुद्धका सहिद परिवार अभिनन्दन कार्यक्रमबाट समेत तर्सिएर दमन र धरपकडमा उत्रिएको छ । त्यति मात्रै हैन, देश विखण्डनको उद्देश्य बोकेको र इन्डो-अमेरिकी साम्राज्यवादीको एजेन्ट सीके राउतलाई केपी, प्रचण्ड र बादल कम्पनीले माला लगाएर अँगालो हाल्छ । राष्ट्रिय सम्मानसहितको सुरक्षा दिन्छ । तर यो देशलाई एकाताबद्ध गर्ने, समृद्ध पार्ने र जनताको शासन वैज्ञानिक समाजवाद स्थापना गर्ने महान् राजनीतिक आन्दोलनमा अघि बढेको हाम्रो पार्टीलाई प्रतिबन्धको घोषणा गर्छ । यो उसको विनास र असफलताको सङ्केत हो जसलाई हाम्रो पार्टीले सम्पूर्ण रूपले खारेज गर्नेछ । आमजनसमुदाय, बौद्धिक वर्ग र क्रान्तिकारी मित्र शक्तिहरूले पनि यसलाई अस्वीकार गर्नेछन् । सहिद परिवार भनेका क्रान्तिका रक्तबीज हुन् ।

*बाँकी पृष्ठ ५ मा*

घटना विश्लेषण

# केपी–बादलको प्रतिबन्ध केवल 'पानीको फोका'



अम्बिका चन्द

गएको महिनाको अन्तिम साता नेपालको राजनीतिक इतिहासमा दीर्घकालीन महत्वका राख्ने दुईवटा अप्रत्याशित घटना भए । मधेसमा अलग राज्य माग गर्दै राज्य विखण्डनको गतिविधि गरेर कारावास सजाय भोगिरहेका सीके राउत भन्ने व्यक्तिलाई सरकारले रातारात रिहा गऱ्यो । रिहा गर्नासाथ ११ बुँदे सम्झौता पनि गऱ्यो । सम्झौता तराई विखण्डन गर्न सीकेहरूलाई सहयोग पुग्ने किसिमले जनमतसङ्ग्रहमा जानसकिने असयको थियो । उता सीकेहरूलाई रातो कार्पेट बिछ्याउँदै गर्दा केपी-प्रचण्ड गठबन्धन सरकारले दलाल पुँजीवाद अन्त्य गरी वैज्ञानिक समाजवाद स्थापना गर्न एकीकृत जनक्रान्तिको कार्यदिशा लिएर सङ्घर्षरत विप्लव नेतृत्वको नेकपालाई प्रतिबन्ध लगाउने घोषणा गऱ्यो । देशभक्त, क्रान्तिकारी र जनपक्षधर शक्तिमाथि प्रतिबन्ध र विखण्डनकारी शक्तिलाई रातो कार्पेट : यी दुई विरोधाभासपूर्ण निर्णय र क्रियाकलापका कारण केपी-बादल प्रशासन यो एक वर्षमै सबैभन्दा नराम्ररी आलोचित भए । प्रतिपक्षमा रहेका काङ्ग्रेस, राप्रपा, मधेसकेन्द्रित दल मात्र होइन, केपी सरकारमै रहेका कयौँ नेताहरुले पनि सरकारी निर्णय र क्रियाकलापको धज्जी उडाए । सत्ताबाहिर रहेका क्रान्तिकारी माओवादी, माओवादी केन्द्रलगायत समूहले पनि विप्लवमाथिको प्रतिबन्ध र सीकेलाई रातो कार्पेट हसेह्य भएको प्रतिक्रिया दिए ।

पुरानो संसदीय व्यवस्थाबाट नेपाली समाजको रूपान्तरण सम्भव नभएको भन्दै एकीकृत जनक्रान्तिको बाटोबाट वैज्ञानिक समाजवाद स्थापना गर्ने उद्देश्य लिएर अघि बढिरहेको विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीलाई यतिबेला सरकारले प्रतिबन्ध लगाएको छ । यही फागुन २८ गते मङ्गलबार बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकले नेकपामाथि उक्त प्रतिबन्ध लगाएको हो । उक्त मन्त्रिपरिषद् बैठकका सहभागी मन्त्रीहरूकै अनुसार कुनै बेला विप्लवका सहयोद्धासमेत रहेका वर्तमान सरकारका गृहमन्त्री रामबहादुर थापा 'बादल' ले नै नेकपामाथि प्रतिबन्ध लगाउनुपर्ने प्रस्ताव राखेका थिए र त्यसको अपजस आफू नलिने मनसायले निर्णय गराउनासाथ अस्ट्रेलियाको उडान भरेका थिए ।

विप्लवले नेतृत्व गरेको पार्टी नेकपालाई एकाएक प्रतिबन्ध लगाइएपछि नेपाली राजनीतिक वृत्तमा नयाँ तरङ्ग र बहस सिर्जना भएको छ । बर्सौंदेखि स्वाधीन र अखण्डित रहेको नेपालबाट तराईलाई अलग गर्ने अभियानमा लागेका अमेरिकी एजेन्ट सीके राउतसँग राष्ट्रघाती सम्झौता गरेपछि निकै आलोचित बनेको केपी वली सरकारले अहिले विप्लव नेतृत्वको नेकपामाथि लगाएको प्रतिबन्धले आलोचित मात्र होइन, लज्जित हुनुपरिरहेको अवस्था छ । राजनीतिज्ञ, बुद्धिजीवी, विश्लेषकहरूदेखि सामान्य मानिसले पनि अहिले बिखण्डकारी सीके राउतसँग गरिएको सम्झौतालाई विषयान्तर गर्नका लागि विप्लव नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाइएको विश्लेषण गरिरहेका छन् । राजनीतिक विश्लेषकहरूले सीके राउतसँग गरिएको सम्झौता र नेकपामाथिको प्रतिबन्ध नेपालको राजनीतिक इतिहासमा गम्भीर त्रुटिका रूपमा दर्ता भएको समेत बताएका छन् । उनीहरूले १० वर्षसम्म सञ्चालित जनयुद्ध र जनआन्दोलनबाट गणतन्त्रात्मक व्यवस्थामा प्रवेश गरेको नेपाली राजनीतिको युगान्तकारी मोडमा विप्लवमाथि लगाइएको प्रतिबन्ध सिङ्गो राष्ट्रियतामाथिको प्रतिबन्ध भएको तर्कसमेत गरेका छन् ।

सरकारद्वारा प्रतिबन्धित भनिएको विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी कुनै नयाँ र जातीय-क्षेत्रीय पार्टी नभई तत्कालीन जनयुद्धको एउटा ठूलो हिस्सा हो जुन पार्टीमा तत्कालीन जनयुद्धका हजारौँ नेता-कार्यर्ता, कमान्डर तथा जनमुक्ति सेना सामेल छन् र विशाल ग्रामीण इलाकामा पुनर्गठित जनसत्ता छ । उनीहरूसँग जनयुद्धको अनुभव छ । प्रचण्डको नेतृत्वमा एउटा हिस्सा सत्ता र कुर्सीका लागि संसदीय दलदलमा फसिरहेको समयमा पनि भीषण जनयुद्धको प्रक्रियामा सहभागी अर्को शक्ति जनयुद्धको दशकपछिको अर्को एक दशक निरन्तर नयाँ क्रान्तिको अभ्यासमा छ र त्यसका लागि आफूलाई अभ्यस्त बनाउँदै आएको छ ।

नेकपाको थबाङमा सम्पन्न आठौँ महाधिवेशनको सेरोफेरोदेखि अहिलेसम्मको सामान्य आँकडा हेर्दा अहिले विप्लव नेतृत्वको नेकपामा कम्तीमा एक लाखवरिपरि पार्टी सदस्य रहेका छन् । यसको परिणामस्वरूप यसअघि काठमाडौँ आयोजना गरिएको उक्त पार्टीको जनप्रदर्शनमा हजारौँहजार मानिसहरू ओइरिएको दृष्टान्त पर्याप्त छन् । साथै देशैभरि एकै रातमा तीन दर्जन ठाउँका एनसेलका टावर ध्वस्त हुनु र सीसी क्यामेराजडित उच्च सुरक्षा सतर्कता अपनाइएको भनिएको राजधानीमा बम विस्फोट हुने घटनाका कारण सामरिक दृष्टिले पनि यो पार्टी शक्तिशाली छ भन्ने कुरामा दुईमत छैन ।

उक्त कुरालाई पुष्टि गर्दै स्तम्भकार दिल निशानी मगरले एउटा टेलिभिजन बहस कार्यक्रममा भनेका थिए- विप्लवको पार्टी भनेको २-४ वटा भरुवा बन्दुक बोक्ने र तराईमा गतिविधि गर्ने सशस्त्र समूहजस्तो समूह पनि होइन, न त अन्य ससाना राजनीतिक दलहरूजस्तो । यो त एउटा तत्कालीन माओवादी जनयुद्धको बाछिटा हो र एउटा स्पष्ट भिजनसहित अघि बढेको एउटा सशक्त दस्ता हो ।

यसले पनि के प्रस्ट हुन्छ भने इतिहासमै कमजोर बनेको राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरूलाई उठाएर वैज्ञानिक समाजवादी व्यवस्थाले मात्र जनताका तमाम समस्याको समाधान हुने विश्वास गर्ने सो पार्टी वर्तमान राज्यव्यवस्थासँग कुनै पनि हिसाबले टक्कर गर्न सक्ने सामर्थ्य राख्छ । पछिल्लो समय केपी, प्रचण्ड र बादलहरू नेकपाप्रति यति धेरै निर्मम तरिकाले दमन अभियानमा उत्रिनुको पछाडिको कारण सायद यो पार्टीप्रति बढिरहेको जनलहर र विशेषतः युवाहरूको आकर्षन नै हुनुपर्छ अथवा यो सरकारको अलोकप्रियता, यसप्रति उत्पन्न व्यापक वितृष्णा र निराशा जिम्मेवार हुनुपर्छ । पछिल्लो समय नेकपाप्रति बढिरहेको जनलहरबाट सशङ्कित भएर हतारहतार केपी, प्रचण्ड र बादलले नेकपामाथि प्रतिबन्ध लगाउने निर्णण गरेको हुनसक्ने आकलन गरिएको छ । एउटा अचम्म त के छ भने यो पार्टीले केही समयपहिले देशैभरि चलाएको अभियानको अवधिमा दाङ, रोल्पा, कालीकोट, कैलाली, कञ्चनपुर, जाजरकोट, बझाङ, बाजुरालगायत जिल्लाहरूमा पूर्वमाओवादी केन्द्र र एमालेको वर्चश्व रहेका कैयौँ गाउँ नेकपामय बनेका छन् र मानिसहरूमा एक खालको जागरण पैदा भएको छ । त्यसैले गर्दा पनि विशाल ग्रामीण भेगका गाउँहरूमा आफ्नो प्रभाव कमजोर हुने भयले पनि विप्लव नेतृत्वको नेकपालाई प्रतिबन्धको नयाँ पाशा प्रयोग गर्न केपी, प्रचण्ड र बादलहरू अघि बढेको राजनीतिक विश्लेषकहरू बताउँछन् ।

सरकारबाट गरिएको दमनमका विरुद्ध यही फागुन ३० गते गरिएको नेपाल बन्द र सोही दिन बेलुका जारी गरिएको विप्लवको विज्ञप्तिबाट धेरै मात्रामा प्रस्ट हुन्छ- नेकपा यो देशको एउटा सशक्त र उदीयमान राजनीतिक शक्ति हो । उसको नेतृत्वमा अघि बढिरहेको नेपाली क्रान्ति नेपाली समाजलाई कायापलट गर्ने अभियान हो र यो नेपालको इतिहासमा एउटा युगान्तकारी घटना हुनेछ किनकि विप्लवले भनेका छन्, 'केपी एन्ड बादल कम्पनीले आपना नरसंहारकारी कदमलाई वैधानिकता दिने उद्देश्यले आन्दोलन गरिरहेको पार्टीमाथि गरिएको दमन र प्रतिबन्धका विरुद्ध प्रतिरोध गर्नु अनिवार्य सर्त हुने गर्दछ । हामीलाई विश्वास छ यो प्रतिबन्ध पानीको फोकाजस्तै फुटेर जानेछ ।' उनको भनाइको अर्थ छ- जनताको पक्षमा गरिने न्यायपूर्ण आन्दोलन दमनबाट कहिल्यै पराजित भएको छैन किनकि अन्तिम समयमा जनताले क्रान्तिकारी शक्तिलाई नै साथ दिन्छन् । तसर्थ सरकारी दमनको प्रतिरोध गर्ने शक्ति हामीसँग छ । विप्लवको भनाइको अर्थ यही हुनसक्छ । त्यसैले पनि यो राष्ट्रियताको आन्दोलनमा चेतनशील जनता, देशभक्त शक्ति, राष्ट्रियताका पक्षधर शक्ति विभिन्न राजनीतिक पार्टी, नागरिक समाज, बुद्धिजीवी, देशलाई माया गर्ने सेना प्रहरीसमेतलाई एकजुट भएर काँधमा काँध मिलाई अघि बढन् विप्लवले आग्रह गरेका छन् ।

महासचिव विप्लवको उक्त कुराको पुष्टि हुने गरी हालै नेकपाका एक स्थायी समिति सदस्यले आफ्नो आलेखमा उल्लेख गरेको कुराले पनि त्यो पुष्टि गरेको छ । उक्त पार्टीका विदेश विभाग प्रमुखसमेत रहेका स्थायी समिति सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' ले सरकारी प्रतिबन्धको भोलिपल्टै भनेका छन्, 'उनीहरूको प्रतिबन्धबाट देशमा चलिरहेको जनसत्ताका कुनै पनि एकाइहरू अवरुद्ध हुने छैनन, जनमुक्ति सेनाका कुनै पनि युनिटहरू निष्क्रिय हुने छैनन् र जनवर्गीय सङ्गठनका कुनै पनि संरचनाहरू विचलित हुने छैनन् । हाम्रा सबै निकायहरू अझ सशक्त, अझ जुझारु र विस्फोटक हुनेछन् । हाम्रो पार्टीको स्पष्ट नीति रहेको छ- अहिलेको नेपालको प्रधान अन्तरविरोध दलाल पुँजीवादी सत्ता र मुक्तिकामी जनताबीचको अन्तरविरोध हो । यसको समाधान देशका विद्यमान दलाल पुँजीवादी सत्ताको अन्त्य र त्यसको स्थानमा वैज्ञानिक समाजवादी सत्ताको स्थापनाबाट मात्र हुन सक्छ । देशको स्वाधीनता, सार्वभौमिकता, स्वतन्त्रता, समृद्धि र निरन्तर परिवर्तनको प्रत्याभूति त्यति बेला मात्र सम्भव हुनेछ जति बेला नेपालको सत्तामा रहेको राजनीतिक व्यपारी र दलालहरूको सम्पूर्ण रूपमा सर्वनास हुनेछ ।'

यो पार्टीले सङ्घर्षको निशाना जनयुद्धकालीन समयको जस्तो सेना-प्रहरी लक्षित नभई भ्रष्टाचारी, दलाल, सुदखोरी, मानव तस्करहरूतिर सोझ्याएको कुरा प्रस्टै छ । बरु उसले खुलेआम भनेको छ- यो देशलाई माया गर्नेहरू काँधमा काँध मिलाएर देश बचाउने अभियानमा

बाँकी पृष्ठ ५ मा

पृष्ठ १ बाट क्रमशः

# प्रतिबन्ध कम्युनिस्ट पार्टीमाथि कि सामाजिक दलाल पुँजीवादीविरुद्ध ?

सिन्डीकेटकाण्डलगायत तमाम मुद्दाहरूमा भ्रष्टाचार र कमिसनमा सरकार लिप्त बनेको छर सामाजिक दलाल पुँजीवादी सरकारका यी राष्ट्रघाती, जनविरोधी र दूरगामी असर पार्ने हर्कतहरूका विरुद्ध राजनीतिक, वैचारिक तथा वर्गसङ्घर्षको माध्यमबाट प्रतिवाद हाम्रो पार्टीले सशक्त रूपमा गर्दै आएको छ । एमाले-माके गठबन्धनमा बनेको सरकारका लागि हाम्रो पार्टी उनीहरूको भ्रष्टाचार, तस्करी, बेथिति र विसङ्गतिका विरुद्ध जुझारु सङ्घर्ष गर्ने कम्युनिस्ट दस्ता मात्र रहेन, यसले अगाडि सारेका वैचारिक, राजनीतिक र आर्थिक क्षेत्रमा नितान्त नयाँनीति, वैज्ञानिक विश्लेषणहरू र त्यसको प्राप्ति गर्नकालागि वर्गसङ्घर्ष एउटा कठोर चुनौतीका रूपमा खडा हुन पुग्यो । एउटै मात्र उदाहरण लिन सकिन्छ, हामीले गरेको विश्लेषणबाट उनीहरूले कम्युनिस्ट पार्टीको अगाडि वा पछाडि जोडिने व्यापारिक पुच्छर हटाउन पुगेका थिए ।देशमा सुशासन स्थापना गर्न साँच्ची नै चाहने हो भने हाम्रो पार्टीले गरेको वैज्ञानिक विश्लेषणमा नआईकन सुखै छैनजसको कारण अहिले सामाजिक दलाल पुँजीवादी सरकार टिक्ने कि नटिक्ने, पुरानो दलाल पुँजीवादी सत्ता रहने कि नरहने भ दोसाँधमा उभिने अवस्थामा आयो । यही कारणले सामाजिक दलाल पुँजीवादी सरकारले हाम्रा तमाम कमरेडहरूलाई गिरफ्तार गऱ्यो, राजनीतिक कार्यक्रमहरूमा प्रतिबन्ध लगायो र हाम्रो पार्टीबाट जनताका बीचमा उसका गलत काम, उसको गलत राजनीतिक नीतिको भण्डाफोरमाथि नियन्त्रण गर्ने चेष्टा गऱ्यो र अन्ततः पार्टीमाथि नै प्रतिबन्ध थोपर्ने काम गऱ्यो । यो व्यवहारले सामाजिक दलाल फासिवादी सरकारको असली चरित्र मुखरित हुन पुग्यो ।

दलाल पुँजीवादकापक्षमा उभिएर देशको क्रान्तिर परिवर्तनका विरुद्ध गरिएको यसप्रकारको प्रतिबन्धले उनीहरूको फासिवादी चरित्रको पर्दाफासमात्र गरेको छैन, यसले देशका सम्पूर्ण स्वाभिमानी नेपाली जनतालाई आक्रोशित र उद्वेलित बनाएको छ । नेपालको कम्युनिस्ट पार्टीका नाममा बनेको सामाजिक दलाल पुँजीवादी सरकारले लगाएको कथित प्रतिबन्ध हाम्रालागि कुनै अनपेक्षित र आश्चर्य लाग्ने विषय थिएन । कि त उनीहरूले कुनै विधिबाट हाम्रो नीतिमा सहमत हुँदै नयाँ प्रकारको राजनीतिक व्यवस्थामा आउनु पर्थ्यो कि हाम्रो पार्टीमाथि प्रतिबन्ध लगाउँदै एकाधिकार पुँजीवादको दलालका रूपमा प्रस्ट रूपमा उभ्याउनुपर्थ्यो । राज्यलाई कर नतिर्ने एनसेलको रक्षा, मानब तस्करी गर्ने मेनपावरको बचउ, प्राकृतिक सम्पदाहरू एकाधिकारवादीहरूलाई दिएर गरिने साम्राज्यवादको गुलामी र देश विभाजन गर्न सरकारी औपचारिकता दिने दस्ताबेजमा हस्ताक्षर गरेको उचित अवसर पारेर हाम्रो पार्टीमाथि लगाइने प्रतिबन्धले उनीहरूको राष्ट्रघाती, दलाल र साम्राज्यवादको चाकरीको उचित मूल्याङ्कन हुने समय रोजे । उनीहरूको प्रतिबन्धबाट देशमा चलिरहेको जनसत्ताका कुनै पनि एकाइहरू अवरुद्ध हुने छैनन्, जनमुक्ति सेनाका कुनै पनि युनिटहरू निष्क्रिय हुने छैनन् र जनवर्गीयसङ्गठनका कुनै पनि संरचनाहरू विचलित हुने छैनन् । हाम्रो पार्टी कुनै पनि आदर्शवादका विरुद्ध मार्क्सवाद-लेनिनवाद-माओवादको मार्गनिर्देशनमा चल्ने, कुनै पनि वर्गसमन्वय गरी जनताका विरुद्ध गरिने कुनै पनि षड्यन्त्र र गद्दारीका विरुद्ध वर्गसङ्घर्षको बाटो अवलम्बन गर्ने, मुट्ठीभर दलाल पुँजीपति वर्गको बुर्जुवा अधिनायकत्वकाविरुद्ध विशाल जनसमुदायको सर्वहारा अधिनायकत्व प्रयोगगर्ने नीतिमा आधारित रही जनताको सच्चा लोकतन्त्र वा जनतन्त्र वा डेमोक्रेसीको प्रयोग गर्ने रहेकाकारण हाम्रा सबै निकायहरू अझ सशक्त, अझ जुझारु र विस्फोटक हुनेछन् ।

नेपाल कम्युनिस्ट पार्टीमाथि लगाइएको प्रतिबन्धबाट यो तथ्य स्पष्ट भैसकेको छ कि यो भ्रष्ट, तस्कर र दलाल पुँजीपतिको नोकरकारूपमा रहेको सरकार र उसको दलाल पुँजीवादी सत्ताको अन्त्यको शृङ्खला सुरु भैसकेको छ । यतिबेला देशका सम्पूर्ण देशभक्त, जनवादी र क्रान्तिकारी शक्तिहरू एकजुट हुनु आवश्यक छ ।

हाम्रो पार्टीको स्पष्ट नीति रहेको छ- अहिलेको नेपालको प्रधान अन्तरविरोध दलाल पुँजीवादी सत्ता र मुक्तिकामी नेपाली जनताका बीचको हो । यो अन्तरविरोधको समाधान देशमा विद्यमान दलाल पुँजीवादी सत्ताको अन्त्य र त्यसको स्थानमा वैज्ञानिक समाजवादी सत्ताको स्थापनाबाट मात्र हुन सक्छ । देशको स्वाधीनता, सार्वभौमिकता, स्वतन्त्रता, समृद्धि र निरन्तर परिवर्तनको प्रत्याभूति त्यतिबेलामात्र सम्भव हुनेछ जतिबेला नेपालको सत्तामा रहेका राजनीतिक व्यापारी र दलालहरूको सम्पूर्ण रूपमा सर्वनाश हुनेछ, स्वच्छ, दूरदर्शी र राष्ट्रिय हितमा कामगर्ने निष्कलङ्क नेतृत्वको राजनीतिमा स्थान बछ र देशलाई समाजवाद र साम्यवादको बाटोमा हिँडाउने नेतृत्वले संवैधानिक र राजनीतिक व्यवस्थाको स्थापना गरिनेछ । यसप्रकारको अभियान कुल्चन र दमन गर्न नेपालीसेना, नेपाल प्रहरीको दुरुपयोग गर्न खोजिएको छ । राष्ट्रको रक्षा गर्ने निकाय सेना र प्रहरी नेपाली स्वाधीनता, स्वाभिमान, राष्ट्रियताका निम्ति सङ्घर्ष गर्ने शक्तिका बिरुद्ध लाग्नेछैन भ हाम्रो विश्वास छ । तरसेना र प्रहरीनै जनताको पार्टीका विरुद्ध युद्धमा उत्रने हो भने, देशका दलाल र राष्ट्रघातीहरूको रक्षा गर्ने हो भने, निश्चित रूपमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाको रक्षा गर्न, देशमा जनवादी वैज्ञानिक समाजवादी क्रान्ति सम्प गर्न र देशलाई निरन्तर परिवर्तनको दिशामा हिँडाउन पुनर्गठन र प्रशिक्षित गरिएको लालसेना, जनमुक्ति सेना नेपाल प्रतिरोधमा उत्रन बाध्य हुनेछ ।

हाम्रो पार्टीले अपनाएको वर्गसङ्घर्षको बाटो धेरै मानिसहरूका लागि कठिन लाग्छतर आमूल परिवर्तनकालागि यो नै अन्तिम विकल्प हो । नेपालमा मात्र होइन, सन्सारभरनै मानवजातिको प्रगति चाहने तमाम प्रगतिशील र परिवर्तनकामी मानिसहरू, आफ्नो देशमा परिवर्तन चाहने जुनसुकै जनवादीमानिसहरूले क्रान्तिकापक्षमा लाग्न हिच्किचाउँदै आएको तथ्य सर्वविदितै छ । यसैलाई विगतमा काल्पनिक समाजवादी भनिन्थ्यो । काल्पनिक समाजवादका विरुद्ध मार्क्स-एङ्गेल्स, लेनिन, स्टालिन र माओले भीषण सङ्घर्ष गर्नुभयो र कुन वैज्ञानिक तथ्यलाई स्थापति गर्नुभयो भने पुरानो सत्तामा आमूल परिवर्तनबिना बनिबनाउ संयन्त्रबाट क्रान्तिकारी कामहरू गर्न असम्भव हुन्छ । नेपालकासन्दर्भमा पनि कथित जनताबाट बनेको सरकार भनिएपनि बहुदलीय प्रणाली स्थापित भएको विगत तीन दशकदेखि सरकारबाहिर हुँदा विभि सामाजिक सुधारका विषयहरूलाई लिएर सङ्घर्ष गर्ने र सरकारमा पुगेपछि आफैँले उठाएका मागहरू पूरा गर्न नसक्नु बनिबनाउ सत्ताबाट आमूल परिवर्तन गर्न नसकिने तथ्यको एउटा पेचिलो उदाहरण हो । सरकारमा हुँदा समाधान गर्न नसकेका मागहरू सरकारबाहिर भएको अवस्थामा उठाइएका वा त्यसप्रकारका सुधारका आन्दोलनहरूलाई समर्थन गरिएका तमाम उदाहरणहरू छन् । गणतन्त्रको स्थापना भैसकेपछि पनि चाहे डा. गोविन्द केसीका जायज मागहरूलाई पालैपालो गरी सरकारबाहिर हुँदासमर्थन गर्ने र सरकारमा पुगेपछि त्यसअनुसार कार्यान्वयन गर्ने सवालमा अनेक प्रकारका बहानाबाजी गर्दै पछि हट्ने सन्दर्भमा होस्वा माथिल्लो कर्णाली र अरुण तीन खारेज गरी त्यसलाई राष्ट्रिय हितमा निर्माण गर्ने सन्दर्भमा, चाहे त्यो नेपाल-भारत सिमाना विवादकाविषयमा होस्वा पुराना सन्धिसम्झौताहरूको खारेज गरी देशलाई स्वाधीनताको लिकमा उभ्याउने विषयमा, चाहे त्यो देशमा भ्रष्टाचार उन्मूलन गर्ने विषयमा होस्वा देशको औद्योगिकीरण गरी नागरिकलाई राष्ट्रिय सुरक्षा प्रत्याभूत गर्ने विषयमा, सबैजसो प्रधानमन्त्री, मन्त्री र पार्टीका नेताहरूका हकमा यो लागू हुँदै आएको छ । हाम्रो स्पष्ट बुझाइछ : यसो हुनुको मुख्य कारण व्यक्ति र सरकारको दोष होइन, त्यो सिङ्गो राज्यव्यवस्थाको दोष हो । कुनै पनि मानिस आफैँमा चोर, दलाल, फासिस्ट, अपराधी भएर जन्मँदैन । प्रचण्ड र केपीहरूजस्तै इतिहासमा निकोलाई चाउचेस्कु, पोलपोट, इदिअमिन, हिटलर र मुसोलिनीहरू जन्मँदै फासिस्ट, तानाशाह, निरङ्कुश र दलालकारूपमा जन्मिएका थिएनन् । देशको पराधीन अवस्थाले केपी-प्रचण्ड कम्पनीलाई साम्राज्यवादको चुत्थो चाकर बनाए पनि उनीहरू निश्चित रूपमा जन्मजात त्यस्तै थिएनन् । मातृका, बीपी, गिरिजालगायतनेपाली नेताहरू पनि जन्मजात राष्ट्रघाती र जनविरोधी थिएनन्, न त उनीहरू जन्मजात साम्राज्यवादका दलाल थिए । उनहरूलाई देशको राज्यव्यवस्थाले राष्ट्रघाती बनायो, जनविरोधी बनायो र दलाल पनि बनायो । कतिपय मानिसहरू अहिले देशलाई टुक्र्याउने तर्क गरिरहेका छन् र केपी-प्रचण्डको नेतृत्वमा बनेको सरकारले वीर पुर्खाहरूको रगतले बचाएको भूमि विसर्जन गर्ने लेन्डुपे दस्ताबेजहरूमा हस्ताक्षर गरेकाछन् र देशको सम्राज्यवादमा हुने विलोपको औपचारिक सुरुआत गरेका छन् । तर यो पनि उनीहरूले जन्मजात लिएर आएको दोष थिएन । यो नेपालको दलाल पुँजीवादी राज्यव्यवस्थाले सिर्जना गरेको भयानक अवस्था हो ।

यसकारण हामीले भन्यौँ, यसको समाधान एउटा आमूल परिवर्तनबाट मात्र सम्भव छ जहाँसमग्र देशको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक रूपान्तरण हुन सकोस् । यो आमूल परिवर्तनको मुद्दा लिएर आएको माओवादी जनयुद्ध सही प्रकारको व्यवस्थापन हुन सकेन । छलछामपूर्ण तरिकाले केही नेताहरूको व्यवस्थापन भयो, त्यसले उनीहरूको व्यक्तिगत समस्या त समाधान गरेको होलातर आमजनसमुदायको व्यवस्थापन हुन सकेन । राष्ट्रको स्वाधीनता र सार्वभौमिकताको व्यवस्थापन हुन सकेन । के त्यसकालागि नेपाली जनताले सङ्घर्ष नगरीकन रहन सक्छ ? अहिले केपी-प्रचण्डहरूको कथित नेपाल कम्युनिस्ट पार्टीको बहुमतको सरकारले सामन्ती तथा सामाजिक दलाल पुँजीवादी अहंकार देखाउँदै नेपाली जनताको परिवर्तनका विरुद्ध हाम्रो पार्टीमाथि प्रतिबन्ध लगाउने हर्कतले के नेपाली जनताको आमूल समस्या समाधान गर्न सक्छ ? उनीहरूको प्रतिबन्ध, अन्ततः उनीहरूको सम्पूर्ण सामाजिक दलाल पुँजीवादी वर्गको अन्त्यको सुरुआत हो । केपी-प्रचण्डको सरकार वास्तवमा रुसको फेब्रुअरी क्रान्तिपछि बनेको केरेन्स्कीको दलाल र गद्दारहरूको सरकारजस्तै पतनको बाटोमा हिँडेको छ र यसको सर्वनास पनि अनिवार्य छ । यसकालागि सम्पूर्ण देशभक्त, जनवादी र क्रान्तिकारी जनसमुदाय सङ्गठित हुन आवश्यक छ ।यसको अन्त्य गर्नकालागि, देशमा जनताको जनवादी अथवा वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नकालागि जनताले सामाजिक दलाल पुँजीवादीहरूमाथि सबै क्षेत्रमा प्रतिबन्ध लगाउन आवश्यक छ ।

२९ फागुन २०७५

# सरकारी प्रतिबन्धले हामी विचलित हुनेछैनौँ : कञ्चन

**रातो खबर संवाददाता**/काठमाडौँ



नेपाल कम्युनिस्ट पार्टीमाथि सरकारले प्रतिबन्ध लगाएपछि उक्त पार्टीका एकजना स्थायी समिति सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' ले उक्त प्रतिबन्धको डटेर सामना गर्ने बताएका छन् । सरकारले प्रतिबन्ध लगाएपछि नेता बास्तोलाले आफ्नो पार्टी सरकारी प्रतिबन्धबाट कुनै पनि हालतमा विचलित नहुने भन्दै उक्त प्रतिबन्धका कारण पार्टी, सेना र जनवर्गीय सङ्गठनका कुनै पनि संरचनाहरू विचलित र परिवर्तन नहुने बताएका छन् । नेता बास्तोलाले भनेका छन्, 'सरकारी प्रतिबन्धबाट देशमा चलिरहेको जनसत्ताका कुनै पनि एकाइहरू अवरुद्ध हुने छैनन्, जनमुक्ति सेनाका कुनै पनि युनिटहरू निष्क्रिय हुने छैनन् र जनवर्गीय सङ्गठनका कुनै पनि संरचनाहरू विचलित हुने छैनन्, बरु हाम्रा सबै निकायहरू अझ सशक्त र अझ जुझारु र विस्फोटक हुनेछन् ।'

वर्तमान संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्ने उद्देश्यले आफ्नो पार्टी निरन्तर सङ्घर्षमा रहेको बताउँदै आफ्नो पार्टीको स्पष्ट नीति रहेको बताउँदै भनेका छन्, 'हाम्रो पार्टीको स्पष्ट नीति रहेको छ- अहिलेको नेपालको प्रधान अन्तरविरोध दलाल पुँजीवादी सत्ता र मुक्तिकामी जनताबीचको अन्तरविरोध हो । यसको समाधान देशका विद्यमान दलाल पुँजीवादी सत्ताको अन्त्य र त्यसको स्थानमा वैज्ञानिक समाजवादी सत्ताको स्थापनाबाट मात्र हुन सक्छ । देशको स्वाधीनता, सार्वभौतिकता स्वतन्त्रता, समृद्धि र निरन्तर परिवर्तनको प्रत्याभूति त्यति बेला मात्र सम्भव हुनेछ जति बेला नेपालको सत्तामा रहेको राजनीतिक व्यापारी र दलालहरूको सम्पूर्ण रूपमा सर्वनास हुनेछ ।'

# केपीको स्वविवेकले प्रतिबन्ध लगाएको होइन : नेता पुन

नेपाल कम्युनिस्ट पार्टीद्वारा मेचीमा सञ्चालित सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान २ को अन्तिम समीक्षा कार्यक्रम चैत ४ गते सम्पन्न भएको छ । मेची ब्युरो कार्यालय सदस्य तारा थापाको अध्यक्षता र पार्टीका पोलिटब्युरो सदस्य तथा अभियान टोली प्रमुख ओमप्रकाश पुनको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा अभियानमा क्रियाशील सबै अभियानकर्मीले आफ्नो अनुभूतिसहितको समीक्षात्मक रिपोर्ट राखेका थिए । मेचीका इलाम र पाँचथरमा सञ्चालन गरिएको अभियानले जनतामा राम्रो उत्साह ल्याएको, पार्टी सङ्गठनको विस्तार र राजनीतिक प्रचारप्रसार राम्रो भएको, पार्टीमा पूर्णकालीन कार्यकर्ताको सङ्ख्यामा वृद्धि भएको र पछिल्लो चरणमा केपी वलीको दलाल सामाजिक फासिवादी सरकारले गरेको दमन र पार्टीमाथि लगाएको कथित प्रतिबन्धले जनतामा झन् सरकारप्रति आक्रोश बढेको तथा पार्टी पङ्क्तिमा थप जुझारुपनको विकास भएको समीक्षा उक्त कार्यक्रममा गरिएको थियो ।

समीक्षा बैठकमा पोलिटब्युरो सदस्य ओमप्रकाश पुनले सबै अभियानकर्मीहरूलाई बधाई दिँदै अब पार्टीले अघि सारेको एकीकृत जनक्रान्ति जनतामा सर्वस्वीकार्य भैसकेकाले अब दृढताका साथ अघि बढ्न आह्वान गरे । उनले भने, 'अहिले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा परिवेश क्रान्तिअनुकूल छ । विश्वसाम्राज्यवादीहरू आपसी अन्तरविरोधमा फसेका छन् । विश्व तेस्रो विश्वयुद्धको परिवेशमा छ । देशभित्रका दलाल पुँजीवादीहरू पनि आपसी अन्तरविरोधमा फसेका छन् र सङ्कटग्रस्त हुँदै गएका छन् । उनीहरूले आफ्नो असफलतालाई गृहयुद्धमार्फत विषयान्तर गर्न खोज्दैछन् । सीके राउतजस्ता विखण्डनकारीलाई स्वागत गर्ने र अँगालो हाल्ने तर देशमा वैज्ञानिक समाजवादी क्रान्तिका लागि सङ्घर्षरत हाम्रो पार्टीलाई प्रतिबन्ध लगाउनेजस्ता हर्कत केपी र प्रचण्डको आफ्नो स्वविवेकमा भन्दा पनि इन्डो अमेरिकी साम्राज्यवादी शक्तिको निर्देशनमा भएको हो । अहिले सीके र प्रतिबन्धको काण्डले दलाल सरकार झन् सङ्कटमा परेको छ । प्रतिबन्धको नाटक पानीको फोका फुटेझैँ कथित ३५ दिने अल्टिमेटम पनि हावामा उड्नेछ ।'



पर्टीको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान ३ छिट्टै सुरु हुने भएकाले अब यसलाई निरन्तरता दिन पनि नेता पुनले कार्यकर्तालाई निर्देशन दिए । दलालहरूले लगाएको प्रतिबन्धको कडा जबाफ पार्टीले दिने र उनीहरूले घोषणा गरेको अन्यायपूर्ण युद्धको सामना दृढतापूर्वक गर्ने भएकाले सोही दिशामा अघि बढ्न पनि समीक्षामा सहभागी अभियानकर्मीलाई नेता पुनले निर्देशन दिए ।

# प्रतिबन्ध र धरपकडका बीच अभियान सम्पन्न : विरही



सरकारले नेकपामाथि प्रतिबन्ध र नियन्त्रणमा लिएर दमन गरे पनि पार्टीले देशैभरि सङ्गठन सुदृढीकरण र विस्तार अभियान तोकिएकै समयमा सम्पन्न भएको नेकपाका पोलिटब्युरो सदस्य अनिल विरहीले बताएका छन् । देशभर सयभन्दा बढी समूह निर्माण गरी जनताको बीचमा जाने, सङ्गठन निर्माण गर्ने कार्य भव्य रूपले सम्पन्न भएको र प्रायः ब्युरोहरूमा समीक्षासमेत भइसकेको उनले बताए । माघ १ गतेदेखि देशभर एकसाथ चलेको अभियान सामाजिक फासिवादी सरकारको हस्तक्षेप, घेराबन्दी, धरपकड, नेता-कार्यकर्ताहरूको गिरफ्तारी, जनताको घरघरमा खानतलासी गर्नेजस्ता षड्यन्त्रका बीच पार्टीले प्रभावकारी ढङ्गले सम्पन्न गरेको उनले बताए ।

सबैजसो पोलिटब्युरो सदस्य तथा केन्द्रीय सदस्यको नेतृत्वमा चलेको अभियानमा सयौँ जनसङ्गठन निर्माण, जनवर्गीय सङ्गठनहरूको विस्तार, जनभेला, कोणसभा र सभाहरू गरिनुका साथै जनश्रमसहित जनतासँगको सम्बन्ध थप प्रगाढ भएको नेताहरूले बताए । देशीविदेशी शक्तिकेन्द्र र दलालहरूको उक्साहटमा प्रतिबन्ध लगाइएको भन्दै नेताहरूले उक्त प्रतिबन्धले पार्टीलाई थप सुदृढ र शक्तिशाली बनाउने दाबी गरेका छन् । प्रतिबन्धसँगै सरकारले सुरक्षा निकाय परिचालन गरेर देशैभर नेकपाका नेता-कार्यकर्ता पक्रिने र हातहतियार, बम विस्फोट, राजद्रोहजस्ता मुद्दा लगाएर लामो समय जेलमा राख्ने नीति लिएको देखिन्छ ।

# नेकपामाथिको प्रतिबन्ध फिर्ता लिन सरकारलाई युरोप, कतार, मलेसिया र साउदीबाट दबाब

सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि लगाएको प्रतिबन्धको चौतर्फी आलोचना भइरहेको बेला नेपाली जनप्रगतिशील मोर्चा कतारले पनि उक्त प्रतिबन्ध तत्काल फिर्ता गर्न सरकारसँग माग गरेको छ । मोर्चाका केन्द्रीय अध्यक्ष धनबहादुर भण्डारी र महासचिव जयकिशोर पोछारले शुक्रबार प्रेसविज्ञप्ति जारी गर्दै सरकारले राजनीतिक पार्टीलाई प्रतिबन्ध गरेर असली फासिवादी चरित्र उदाङ्गो पारेको बताएका छन् ।

नेपाली जनप्रगतिशील मोर्चा कतारले प्रहरी अप्रेसन, दमन, धरपकड, यातना र गिरफ्तार गरी सरकारले एक्तर्फी युद्धको घोषणा गरेको बताएको छ । सरकार क्रान्तिकारी शक्तिलाई दबाउँदै राज्यको कर छली र अपचलन गर्ने, कालोबजारी, मानव तस्कर, सिन्डिकेट माफियाका पक्षमा वकालत गरेको उसका गतिविधिले प्रमाणित गरेको विज्ञप्तिमा उल्लेख गरेको छ ।

सरकारद्वारा एक्तर्फी युद्ध घोषणाको आभास हुने गरी गरिएको नेकपामाथिको प्रतिबन्ध तत्काल फिर्ता लिन माग गर्दै गिरफ्तार गरिएका नेकपाका नेता-कार्यकर्ता रिहा गरी स्वतन्त्र र खुला रूपमा राजनीतिक अधिकारको गृहकार्य गर्न पाउने वातावरण बनाउन आग्रहसमेत गरेको छ । दमनका विरुद्ध जनताले सशक्त प्रतिरोध गर्ने कुरा पनि विज्ञप्तिमा उल्लेख छ ।

यसैबीच नेपाली जनप्रगतिशील मोर्चा युरोपले नेकपामाथिको प्रतिबन्ध तत्काल फिर्ता गर्न सरकारसँग माग गरेको छ । मोर्चाको केन्द्रीय समितिले शुक्रबार विज्ञप्ति जारी गर्दै सरकारले राजनीतिक पार्टीलाई प्रतिबन्ध गरेर असली फासिवादी चरित्र उदाङ्गो पारेको बताएको छ । देशैभरि प्रहरी अप्रेसन, दमन, धरपकड, यातना र गिरफ्तार गरी सरकारले 'किलो सेरा टु' को प्रतिछायामा युद्धको घोषणा गरेको बताएको छ । सरकारले क्रान्तिकारी शक्तिलाई दबाउँदै राज्यको करछली र अपचलन गर्ने, कालोबजारी गर्ने कालोबजारिया, मानवतस्कर, सिन्डिकेट माफियाका पक्षमा वकालत गरेको उसका गतिविधिले प्रमाणित गरेको विज्ञप्तिमा उल्लेख छ ।

सरकारद्वारा एक्तर्फी युद्ध घोषणाको आभास हुने गरी गरिएको नेकपामाथिको प्रतिबन्ध तत्काल फिर्ता लिन माग गर्दै गिरफ्तार गरिएका नेता-कार्यकर्ता रिहा गरी स्वतन्त्र र खुला रूपमा राजनीतिक अधिकारको गृहकार्य गर्न पाउने वातावरण बनाउन मोर्चाले आग्रह गरेको छ । विगतमा दमनका विरुद्ध जनताले गरेको प्रतिरोधका रूपमा जनयुद्ध भएको इतिहास स्मरण गराउँदै मोर्चाले दमनका विरुद्ध जनताले सशक्त प्रतिरोध गर्ने चेतावनी दिएको छ ।

यसैबीच नेपाली जनप्रगतिशील मोर्चा यूएईले पनि उक्त प्रतिबन्ध तत्काल फिर्ता गर्न सरकारसँग माग गरेको छ । प्रतिबन्ध लगाएर राजनीति रोक्न नसकिने बताउँदै राजनीति गर्न पाउने हरेक नागरिकको नैसर्गिक अधिकार हनन गरेको बताएको छ । पार्टीलाई औपचारिक रूपमा वार्ताको कुनै पहल नगरेको बताउँदै नेकपामाथि लगाइएको वार्ताविरोधी आरोपलाई झूठो भनेको छ । पार्टीले सधैँ वार्ता र संवादद्वारा राजनीतिक समस्या हल गर्न चाहेको तर कुनै पहल नगरी प्रतिबन्ध गरी युद्धमा धकेलेको आरोप समेत लगाएको छ ।नेपाली कम्युनिस्ट आन्दोलनमा सत्ता पक्षबाट हरेक कालखण्डमा प्रतिबन्धहरू भोग्दै आएका पार्टी र नेताहरूले नेकपामाथि प्रतिबन्ध लगाएको नेपाली जनप्रगतिशील मोर्चा यूएईले विज्ञप्तिमार्फत प्रतिबन्ध खारेज गर्न माग गरेको छ ।

यसैबीच नेपाली जनप्रगतिशिल मोर्चा मलेसियाले सरकारले नेकपामाथि लगाएको प्रतिबन्धप्रति ध्यानाकर्षण भएको जनाएको छ । राष्ट्रघात, जनघात, पछिल्लो नमुना सीके राउतजस्ता दलाललाई सरकारले काखी च्यापेर विप्लव नेकपामाथि प्रतिबन्ध लगाउनुले सरकार फासिवाद उन्मुख भएको र यसले सम्पूर्ण जनताको अधिकारमाथि हस्तक्षेप गर्दै सिङ्गो लोकतन्त्रमाथि नै प्रतिबन्ध लगाएको भन्दै तत्कालै खारेज नगरे सरकारले कडा मूल्य चुकाउनुपर्ने मोर्चाको विज्ञप्तिमा उल्लेख छ ।

## बुद्धिजीवीहरूको विश्लेषण :

# विप्लवमाथिको प्रतिबन्ध सिङ्गो राष्ट्रियतामाथिको प्रतिबन्ध

**बुटवल ।** सरकारले चालेका पछिल्ला कदमका विषयमा सर्वत्र चासो, आलोचना, बहस र विश्लेषण सुरु भएको बेला बुद्धिजीवीहरूले स्वतन्त्र मधेस गठबन्धनका नेता सीके राउतसँग गरिएको ११ बुँदे सम्झौता राष्ट्रघाती र विप्लव नेतृत्वको नेकपालाई लगाइएको प्रतिबन्ध हतारको निर्णय एवम् सिङ्गो राष्ट्रियतामाथि लगाइएको प्रतिबन्ध भएको बताएका छन् ।

रिपोर्टर्स क्लब प्रदेश ५ को कार्यालय बुटवलमा आयोजित साक्षात्कारमा बुद्धिजीवीहरूले सरकारले विप्लव नेतृत्वको नेकपालाई चिढ्याएर मुलुकमा त्रास र द्वन्द्व फैलाउने काम गरेको भन्दै सरकारलाई संयम र परिपक्व बन्न आग्रह गरे । उनीहरूले नागरिकको दुई तिहाइबाट बनेको वाम सरकारले हालै गरेका दुवै निर्णय नेपालको राजनीतिमा राज्यको गम्भीर त्रुटिका रूपमा दर्ज भएको बताए ।

कार्यक्रममा पूर्वसभासद् विनोद पहाडीले अन्तर्राष्ट्रिय जगत्ले नेपाललाई राजनीतिक खेलमैदानका लागि प्रयोग गर्ने काम भैरहेको भन्दै भारतमा निर्वाचनको घोषणा हुँदा सीके राउतसँग सम्झौता हुनु र विद्रोही कम्युनिस्ट शक्ति नेकपालाई प्रतिबन्ध लगाउनु संयोग मात्र नभएको बताए । उनले भने, 'यो नेकपामाथिको प्रतिबन्ध मात्रै होइन, सिङ्गो राष्ट्रियतामाथिकै प्रतिबन्ध हो र यसले भारतलाई सघाउ पुग्छ ।'

उनले भने, 'नेपालमा बहुराष्ट्रिय सेनालाई प्रवेश गराउने र अस्थिर राष्ट्रका रूपमा कायम राख्ने मनोविज्ञानका साथ काम भैरहेको छ ।'

उनले यो ११ बुँदे सहमतिले मधेसमा निरन्तर सीके राउतहरू जन्मने भएकाले यो गैरराजनीतिक सहमति भङ्ग गर्न माग गर्दै विप्लव नेतृत्वको नेकपालाई लगाएको प्रतिबन्ध तुरुन्त फिर्ता नलिए देश द्वन्द्वमा जाने दाबी गरे । द्वन्द्वविश्लेषक तथा प्राध्यापक सङ्घका केन्द्रीय महासचिव प्रा.डा. बुद्धबहादुर थापाले सरकारले गरेका दुवै निर्णय अपरिपक्व र अदूरदर्शी भएको बताए । उनले नयाँ अन्तर्राष्ट्रिय विषय लिएर सीके राउत उदाएकाले देशभरका जनता सजग हुनुपर्ने धारणा राखे । उनले भने, 'सरकारले हचुवाका भरमा निर्णय गर्नु हुँदैनथ्यो । सम्झौताले देशभित्रका कैयन् समस्याहरू स्वतः ओझेलमा पारेको छ ।'

राष्ट्रिय महत्वका गम्भीर विषयहरूमा सहमति गर्दा राजनीतिक दल, विषेशज्ञ, बुद्धिजीवीहरूसँग छलफल गरेर जानुपर्ने उनको भनाइ छ । थापाले विप्लव नेकपासँग सरकारले शान्तिपूर्ण वार्ताको वातावरण बनाउनुपर्ने बताए । 'विप्लवको निर्णयमा सरकारले हतार गऱ्यो । उसले राजनीतिक प्रणालीकै विरोध गऱ्यो । अराजनीतिक, अपरिपक्व, अदूरदर्शी निर्णय सरकारले तुरुन्त सच्याउनुपर्छ ।'

राजनीतिक विश्लेषक दिल साहनीले विप्लवको नेकपालाई सरकारले पहिले नै प्रतिबन्ध लगाएको भन्दै सीके राउतसँग भएको सम्झौतालाई डाइभर्ट गर्न नेकपालाई प्रतिबन्ध लगाएको बताए । सरकारले आत्मघाती निर्णय गरेको भन्दै साहनीले शान्तिपूर्ण गतिविधि गर्नसमेत रोक लगाउन नहुने बताए । उनले भने 'अमेरिकामा जमेको सीके राउत कुनै शक्तिले पठाएर नेपालमा आएको हो । यहाँ छुट्टै मधेस देश घोषणा गर्ने र पश्चिमा देशले राजनीति गर्ने मनसाय देखिन्छ । फ्रि मधेसको कुरा मधेसीका पक्षमा पनि छैन र समग्र नेपाली जनताकोपक्षमा हुने त कुरै भएन् । सरकारले लिखित रूपमा नै स्पष्टीकरण दिनुपर्छ ।'

नेपाली काङ्ग्रेस क्षेत्र नं. २ का सभापति हरि लम्सालले दुई तिहाइको सरकारले सर्वसत्तावादको अभ्यास गरेको दाबी गरे । राज्यलाई दूरगामी असर पार्ने गरी निर्णय हुनु गम्भीर विषय भएको भन्दै लम्सालले सीके राउत अमेरिकाले नेपालमा अस्थिरता निम्त्याउन पठाएको एउटा बिरुवा भएको टिप्पणी गरे । उनले भने 'विप्लवलाई होइन, सीके राउतलाई प्रतिबन्ध लगाउनुपर्नेमा सरकारले उल्टो काम गऱ्यो । सीकेलाई स्वागत र विप्लवलाई प्रतिबन्ध उल्टो र गलत हो ।'

प्राध्यापक वसन्तराज खनालले सरकारले हतारमा गरेको निर्णय भएकाले दुवै निर्णय फिर्ता गर्नुपर्ने बताए । उनले भने, 'सरकारले एउटा पक्षलाई सहमतिमा ल्याउनु सही हो तर स्वतन्त्र मधेस सङ्गठनसँग जुन सहमति गऱ्यो त्यहाँ सरकार चुकेको छ ।'

रूपन्देही व्यापार सङ्घका अध्यक्ष पदमप्रसाद श्रेष्ठले नेकपामाथिको प्रतिबन्ध लगाउने कार्य आवेग तथा हतारमा भएको भन्दै प्रतिबन्धको निर्णयमा पुनर्विचार गर्नुपर्ने बताए । विखण्डनकारीसँग भएको सम्झौताका विषयमा सरकारको स्पष्ट धारणा बाहिर आउनुपर्ने उनको माग छ ।

# २१ औँ सांस्कृतिक प्रतिरोध दिवस

**काठमाडौँ :** चैत ५ सांस्कृतिक प्रतिरोध दिवस हो । नेकपाको सांस्कृतिक मोर्चा अखिल नेपाल जनसांस्कृतिक महासङ्घ र नेकपाका सबै सङ्घसङ्गठनहरुले आन्दोलनकै क्रममा प्रतिरोध दिवस मनाएका छन् । तत्कालीन सरकारले २०५५ साल चैत पाँच गते काभ्रेको अनेकोटमा सांस्कृतिक कार्यक्रमको तयारी गरिरहेका च्याङ्बा लामा, निर्मला देवकोटा, गुम्बासिं तामाङ, मञ्जु कुँवर, डम्बर श्रेष्ठ, सुभद्रा देवकोटा र चिनीमाया लामालाई जिउँदै जलाएर हत्या गरेको थियो । त्यसपछि तत्कालीन नेकपा (माओवादी) र हालको नेकपाले चैत ५ लाई सांस्कृतिक प्रतिरोध दिवसका रूपमा मनाउँदै आएको छ ।

महासङ्घले अनेकोट हत्याकाण्ड, अछामको डुङ्गालामा सहादत प्राप्त गर्ने नौजना कलाकार, रोल्पाको भाबाङ, डोटीको मुडभरा, अछामकै विनायकलगायत स्थानमा बलिदान गर्ने सहिदहरुका साथै इच्छुक, चुनु, शिव श्रेष्ठ, शारदा श्रेष्ठ, अञ्जान विरही, रोहित कोइराला, डी. कौडिन्य, दिलमाया बम्जन, रक्तिम, लोकरोशन प्रधान, मस्त बिष्टलगायत एक सय साठीभन्दा बढी सांस्कृतिक सहिदहरुको त्याग, शौर्य र बलिदानको स्मृति र सम्मानमा सांस्कृतिक प्रतिरोध दिवस मनाउँदै आएको हो । तत्कालीन सरकारले अनेकोट, रोल्पाको भाबाङ, अछामको डुङ्ला, रोल्पाको भाबाङ, डोटीको मुडभरा, अछामकै विनायक, रामेछापका दोरम्बा, बेथान, सालु देउराली, गर्ज्याङ चुचुरेलगायत स्थानमा सामूहिक हत्याकाण्ड मच्चाएर विचार, गीत-सङ्गीत, साहित्यको माध्यमबाट नयाँ जनवादी सत्ता स्थापनाका पक्षमा आवाज घन्काइरहेका स्रष्टा/संस्कृतिकर्मीहरुको हत्या गरेको थियो । देशैभरका सांस्कृतिक सहिदलाई सम्मान गर्ने र उनीहरूले देखेको सपनालाई पूरा गर्नका लागि प्रण गर्ने दिनका रूपमा पनि यो दिवसलाई मनाइँदै आएको छ ।

२०५५ साल चैत ५ गते तत्कालीन बर्बर र अमानवीय सत्ताले काभ्रेको अनेकोटमा सशस्त्र घेरा हाली कुची, कलम र मादलका माध्यमबाट वर्गीय विचार र आस्थामा प्रतिबद्ध भएका कारण निःशस्त्र ७ जना जनकलाकारलाई ज्यूँदै आगो लगाएर मारेको थियो । जनकलाकारले देश, जनता र समाजको मुक्ति, प्रगति र अग्रगामी परिवर्तनका लागि आफूलाई सचेत ढङ्गले बलिदान दिएका थिए ।

जनताको गीत गाउँदै हिँड्ने क्रममा अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सदस्य च्याङ्बा लामासहित ७ जना कलाकारलाई तत्कालीन राज्यपक्षले नियन्त्रणमा लिएर घरभित्रै आगो लगाई गोलीसमेट प्रहार गरेर हत्या गरेको दिनलाई प्रतिनिधिमूलक दिनका सांस्कृतिक प्रतिरोध दिवसका रूपमा हरेक वर्ष मनाउने गरिएको छ ।

# जनकपुरमा अभियान सम्पन्न

**कमल सुस्लिङ, सर्लाही**

नेपाल कम्युनिस्ट पार्टीले सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान २ समापन गरेको छ । अभियान माघ १ गते सिन्धुलीको नाङ्गेडाँडाबाट उद्घाटन भै चैत ३ गते मरिन गाउँपालिकामा समापन भएको हो । अभियान सिन्धुली जिल्लाका सुनकोसी गाउँपालिका गोलन्जर, तीनपाटन, हरिहरपुर, मरिन, फिकल, कमलामाई नगरपालिकालगायत ठाउँमा चलेको थियो ।

अभियानको रिपोर्टिङ पाँचवटा टोलीका कमान्डर र सहकमान्डरले राखेका थिए! अभियानका क्रममा ३६५ पार्टी र जनवर्गीय सङ्गठन निर्माण गरिएको जनाइएको छ । त्यस्तै ३५६ सदस्य रसिद वितरण गरिएको, ६५ ठाउँमा भित्तेलेखन भएको, २० हजार पर्चा वितरण गरिएको, पिँडीसभा २८६ स्थानमा गरिएको छ, ४ दर्जनभन्दा बढी पूर्णकालीन कार्यकर्ता उत्पादन गरिएको जानकारी अभियान समीक्ष्मा दिइएको थियो ।

अभियान टिमहरूलाई अभियान २ का जनकपुर ब्युरो कमान्डर पोलिटब्युरो सदस्य उमा भुजेलले सफलताको शुभकामना, बधाई दिँदै प्रशिक्षणसमेत दिएर टीका लगाई बिदा गरेकी थिइन् ।

# नेपाल बन्दमा देशभर के भयो ?

■ रातो खबर संवाददाता/काठमाडौँ

सरकारले आफ्नो पार्टीमाथि गरेको दमन र धरपकडको विरोधमा नेपाल कम्युनिस्ट पार्टीले फागुन ३० गते घोषणा गरेको नेपाल बन्दले सिङ्गो देश ठप्प भयो । कहिल्यै कसैले गरेको बन्दको प्रभाव नपर्ने काठमाडौँमा पनि बन्दको प्रभाव पर्‍यो । यो दिन सबै सरकारी विद्यालय र ८ हजारभन्दा बढी निजी विद्यालय बन्द भए । बन्दको कारण लामो तथा छोटो दूरीका यातायातका साधनहरू पनि ठप्प रहे भने ठाउँठाउँमा बम विस्फोटका घटना भए ।

बन्दको दिन बिहानै पोखरा र चितवनलगायत ठाउँमा बन्दकर्ताहरूले बम विस्फोट गराए भने नेपाल बन्दको अवज्ञा गरेको भन्दै बन्दकर्ताले धादिङमा २ वटा र मकवानपुरमा एउटा मालवाहक ट्रकमा आगो लगाइदिए । यसैगरी दाङको तुलसीपुर उपमहानगरपालिका वडा नं ५ बीपी चोकनजिकै एउटा कपडा पसलबाहिर बम भेटियो भने पोखराको सभागृहचोक र भण्डारामा भेटिएको बमलाई नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्क्रिय पारेको छ ।

यस्तै बुटवलको मुख्य राजमार्गमै राखिएको बम सेनाको टोलीले निष्क्रिय पार्‍यो । बुटवल कालिकानगर कालिकाचोकमा डिभाइडरमा कालो टेपले बेरेर राखेको बम नेपाली सेनाको २२ नम्बर बाहिनीको टोलीले बम निष्क्रिय पारेको थियो । यस्तै बाजुराको मार्तडी, गोरखाको भीआईपी टोल र १२ किलो भन्ने स्थानमा प्रेसर कुकर बम भेटिए । यस्तै रुकुम पूर्वी जिल्ला अदालत अगाडि बम भेटिएको थियो । बन्दको दिन बन्दकर्ताहरूले ठाउँठाउँमा सक्कली र कुनै ठाउँमा 'नक्कली बम' राखेको प्रहरी दाबी छ ।

काठमाडौँसँगै झापाको सदरमुकाम बिर्तामोड, विराटनगर, धरान, धनकुटा, उदयपुर, सुनसरीको इटहरी, मकवानपुर, काभ्रे, सिन्धुली, रामेछाप, चितवन, कास्की, गोरखा तनहुँ र धादिङका सडकमा बन्दकर्ताहरू सडकमा निस्किएका थिए । सडकमा सुरक्षाकर्मी, दूध, तरकारी, पेट्रोलियम पदार्थ र एम्बुलेन्स भने निर्बाध रूपमा चलेका थिए । नेपाल बन्दको पूर्वसन्ध्यामा देशैभरि मशालजुलुस निकालिएको थियो । कतिपय ठाउँमा प्रहरीले आन्दोलनकारीहरूलाई आतङ्कित बनाउन अश्रुग्यास र हवाईफायरसमेत गरेको थियो ।

सरकारले नेकपाविरुद्ध सर्च एन्ड एरेस्ट अभियान सञ्चालन गरेको, कपिलवस्तुमा प्रहरीले गोली चलाई एकजना सर्वसाधारणलाई घाइते बनाएको, रोल्पा, कालीकोट, चितवनलगायत जिल्लाहरूमा अप्रेसन सञ्चालन गरी चरम दमन चलाएको भन्दै नेकपाले नेपाल बन्द आयोजना गरेको थियो । पार्टी महासचिव विप्लवले फागुन २४ गते विज्ञप्ति निकालेर नेपाल बन्दको आह्वान गरेका थिए । विप्लवले चरणबद्ध सङ्घर्षका कार्यक्रमसहित नेपाल बन्दको आह्वान गरेका थिए जसअनुसार नेपाल बन्द सफल पार्न फागुन २५-२६ प्रचारप्रसार, फागुन २७ कोणसभा, फागुन २८ र २९ मशालजुलुस र ३० गते नेपाल बन्द कार्यक्रम राखिएको थियो ।

## सहिद सप्ताह र ...

उनीहरू कहिल्यै पनि आफन्त मार्ने हत्यारो सत्ता र सरकारका पक्षमा जाँदैनन्, अपवादबाहेक । कथित कम्युनिस्ट नामधारी दलाल सामाजिक पुँजीवादी सरकारले बाहिर भन्दा आफूलाई कथित दुई तिहाइको शक्तिशाली भन्छ तर हाम्रो पार्टीको शान्तिपूर्ण कार्यक्रम र नारा कतिसम्म भने कलाकार पशुपति शर्माको लुट्न सके लुट भन्ने व्यङ्ग्यात्मक गीतबाट समेत तर्सिन्छ । यसले माओले भनेको प्रतिक्रियावादी भनेका कागजी बाघ हुन् भन्ने भनाइ र लेनिनले भनेको साम्राज्यवादी पुँजीवादीहरू भनेका माटाको खुट्टा भएका भीमकाय मूर्ति हुन् भन्ने भनाइलाई पुष्टि गर्छ । अझ त्यसमा पनि नेपालका कथित संसद्वादी कम्युनिस्ट भनेका त झन् आफ्नो सर्वहारा सिद्धान्त र कम्युनिस्ट धर्म छोडेर बहुलाएका जमात हुन् । जसरी जङ्गलमा विचरण गर्ने सुगालाई घरमा ल्याएर पखेटा काटी पिँजडामा हाल्दा आफ्नो प्राकृतिक भाषा बिर्सेर मान्छेले जे बोल्यो त्यो बोल्छ तर उसले त्यसको शाब्दिक अर्थ बुझ्दैन । त्यो भनेको सुगा बोलेको नभई बहुलाएको हो । त्यस्तै केपी र प्रचण्डहरू पनि सर्वहारा शिविरबाट विचलित भै पुँजीवादी पिँजडामा गएर थुनिएका सुगाजस्तै हुन् । न त यिनको कुनै बोलीको टुङ्गो छ न त गन्तव्य नै छ । आफ्नो भाषा आफैँ नबुझ्ने बहुलाएका सुगाजस्ता हुन् यिनीहरू भनेका । एकपटक अमेरिकामा फाराममा पालिएका गाईलाई छिटो हुर्काउन र मोटाउन दानामा मासु मिसाएर खुवाउने गरिएछ । गाई त शाकाहारी जनावर हो । दानामा मासु मिसाएर खुवाउँदा गाई त मोटाएछन् तर बहुलाएछन् । हो, त्यस्तै नेपालका संसद्वादी कम्युनिस्ट पनि आफ्नो प्राकृतिक सर्वहारा सिद्धान्त छोडेर जब पुँजीवादी भए तब हेर्दा त मोटाघाटा र ठूला भए तर बहुलाए । केपी र प्रचण्ड अनि तिनीहरूले नेतृत्व गरेको पार्टी त्यस्तै भएको छ अहिले जसले गर्दा देश र जनताले त्यसको मार खेप्नुपरेको छ । त्यसकारण अहिले जसरी देशव्यापी रूपमा हाम्रो पार्टीका विरुद्ध दमन र धरपकड भएको छ । विद्यालयमा र गाउँबस्तीहरूमा जसरी पुलिस आतङ्क सिर्जना भएको छ । शिक्षक, कर्मचारी, पत्रकार, व्यापारी, उद्योगपति र जनतामा जुन खालको आतङ्क र अनिश्चय सिर्जना भएको छ । यो भनेको केपी र प्रचण्डको यही दलाल सामाजिक फासिवादले पैदा गरेको समस्या हो । उनीहरूले आफ्नो असफलतालाई गृहयुद्धमार्फत ढाकछोप गर्न चाहन्छन् । उनीहरूले जनयुद्ध र जनआन्दोलनको मर्म र भावनाविपरीत आफ्नो निहित सत्ता स्वार्थमा देश र जनतालाई बन्धक बनाउन खोज्दैछन् । सहिदको सपना बेचेर आफ्नो कुर्सी बचाउने खेल खेल्दैछन् । यसका विरुद्ध सबै क्रान्तिकारी शक्तिहरू एकताबद्ध भएर लड्न जरुरी छ । देश जलिरहेको छ तर रोमका सम्राट् निरोका नेपाली अवतार केपी ओली जनताको मानो खाएर जनताविरोधी हर्कत गर्दै उखान टुक्का हाली बसेका छन् । जनयुद्ध र जनआन्दोलनको मर्म र भावना विपरीत देशमा सामाजिक दलाल फासिवाद लादिरहेका छन् र त्यसको सारथी प्रचण्ड भएका छन् । यसका विरुद्ध अब देशव्यापी प्रतिरोध सङ्घर्षलाई अगाडि बढाउनुको विकल्प छैन । तसर्थ हालसम्मका सम्पूर्ण क्रान्ति र आन्दोलनहरूमा सहादत प्राप्त गरेका सहिद अनि एकीकृत जनक्रान्तिमा सहादत प्राप्त गरेका कमरेड सनराइज र धनरूप बटालाका सपना साकार अब हुने समाजवादी क्रान्तिले मात्रै पूरा गर्नेछ ।

# एघार विद्यार्थी सङ्गठनद्वारा नेकपामाथिको प्रतिबन्ध हटाउन माग

काठमाडौँ : नेविसङ्घलगायत ११ विद्यार्थी सङ्गठनले नेकपामाथि सरकारले लगाएको प्रतिबन्ध तुरुन्त हटाउन माग गरेका छन् । प्रतिबन्धको विरोध गर्दै संयुक्त विद्यार्थी सङ्गठनले यसको समाधान राजनीतिक तवरबाट खोज्न सरकारलाई सुझाएका छन् ।

शनिबार अखिल (क्रान्तिकारी) को केन्द्रीय कार्यालय कोटेश्वरमा बसेको संयुक्त विद्यार्थी सङ्गठनको बैठकले विज्ञप्ति जारी गरी सरकारको यस कदमप्रति गम्भीर ध्यानाकर्षण भएको बताएको छ । सरकारलाई द्वन्द्वको बाटोमा नजान पनि विद्यार्थीहरूले आग्रह गरेका छन् ।

विज्ञप्तिमा नेपाल विद्यार्थी सङ्घ, अखिल क्रान्तिकारी (गोपाल किराँती), अनेरास्ववियु पाँचौँ, नयाँ शक्ति विद्यार्थी युनियन, समाजवादी विद्यार्थी फोरम नेपाल, अखिल नेपाल विद्यार्थी युनियन, नेपाल आदिवासी जनजाति विद्यार्थी महासङ्घ, राष्ट्रवादी विद्यार्थी सङ्घ, राष्ट्रिय विद्यार्थी सङ्घलगायत सङ्गठनका नेताहरू थिए । विज्ञप्तिमा ऋषिकेशजङ्ग शाह, आलोक रायमाझी, घनश्याम मिश्र, श्यामबाबु गौतम, चिरञ्जीवी ढकाल, विवेक राई, हरिकृष्ण गजुरेल, प्रवीण मिश्र, दुजाङ शेर्पा, ताराप्रसाद अर्याल र चिरञ्जीवी यादवको हस्ताक्षर छ ।

# प्रचण्डकी बुहारी बिना मगरको क्षेत्रबाट विप्लव नेकपामा प्रवेश गर्नेहरूको लहर

**कञ्चनपुर** : सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी छाडेर कञ्चनपुरबाट विप्लव नेतृत्वको नेकपामा प्रवेश गर्नेहरूको लर्को लागेको छ । सरकारले विप्लवको पार्टीमाथि प्रतिबन्ध लगाए पनि कञ्चनपुरमा सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) छाडेर विभिन्न ठाउँबाट १२० भन्दा बढी विप्लव नेकपामा प्रवेश गरेको सङ्गठन सुदृढीकरण अभियानका इन्चार्ज जीवन नेपालीले बताएका छन् ।

नेता नेपालीले भने, 'सरकारले नेकपामाथि दमनको नीति अख्तियार गरे पनि हामी जनताको बीचमा आफ्नो अभियान निरन्तर चलाएका छौँ । सरकारले युद्ध चाहे पनि हामी युद्ध चाहँदैनौँ । हामी सरकारका कर्तुत जनताको बीचमा लगिरहेका छौँ । कुनै पनि जनता सरकारसँग सन्तुष्ट छैन । सरकारले काम गर्न नसकेपछि हाम्रो पार्टीमा जनताले उत्साहका साथ प्रवेश गर्ने क्रम बढेको छ ।'

उनले भने, 'एकातर्फ सरकारले विप्लवका कार्यकर्तामाथि कडा निगरानी राखेको बताए पनि कञ्चनपुरमा भने विप्लव नेतृत्वको नेकपाले आक्रामक रूपमा सङ्गठन विस्तार गरिरहेको छ । सरकारले विप्लवलाई रोक्न उसका कार्यकर्ताको घुँडामुनि गोली हान्न सुरक्षा निकायलाई आदेश दिए पनि गाउँगाउँमा उसले सङ्गठन विस्तार गरिरहेको छ । सरकारले विप्लवलाई जति दबाउन खोज्यो उसले त्यति नै आक्रामक रूपमा आफ्ना गतिविधि तथा सङ्गठन विस्तार गरिरहेको कञ्चनपुरमा विप्लवको पार्टीमा प्रवेश गर्नेहरूको लर्कोबाट पनि बुझ्न सकिन्छ ।'

## के.पि. बादलको ...

सँगै जाऊँ । बरु नेकपाले नेपाली सेना र प्रहरीलाई समेत देश बचाउने अभियानमा साथ दिन आह्वान गरेको छ । यही कारणले पनि हुनसक्छ- विप्लवको पार्टीलाई प्रतिबन्ध लगाउँदा राजनीतिक पार्टीका नेता, बुद्धिजीवी, विश्लेषक, द्वन्द्वविशेषज्ञसमेतले विप्लव र उनको नेतृत्वको पार्टी राष्ट्रवादी शक्ति भएको बताइरहेका छन् ।

वर्तमान सरकारका प्रधानमन्त्री केपी शर्मा वलीले नेकपालाई प्रतिबन्ध लगाउँदै लुटेराको संज्ञा दिएपछि सरकारी अधिकारीबाहेक लगभग सबै राजनीतिक पार्टी र त्यसका नेताहरूले त्यसको विरोध गरेका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले त केपी वलीको भनाइको जबाफ दिँदै भनेका छन्- वास्तविक लुटेरा त बालुवाटार र सिंहदरबारवरपर छन् । वाइडबडी खरिदकाण्डका लुटेरा, एनसेलका लुटेरा, करछली प्रकरणका लुटेरा र ३८ किलो सुनकाण्डका वास्तविक लुटेरा बालुवाटार र सिंहदरबारवरपर नै छन् । सरकार, सक्छौ भने वास्तविक लुटेरालाई कारबाही गरेर देखाऊ र तिनीहरूलाई प्रतिबन्ध लगाऊ ।

यस्तै सत्ताधारी पार्टी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का उच्चस्तरका नेताहरूले पनि उक्त प्रतिबन्धको विरोध गरेका छन् । प्रचण्ड, बादललगायत केही व्यक्तिबाहेक झलनाथ खनाल, माधव नेपाल, भीम रावल, राम कार्की, घनश्याम भुसाललगायत उक्त पार्टीभित्रका वैचारिक नेताहरूले समेत उक्त प्रतिबन्धको विरोध गरेका छन् । उता नेपाली काङ्ग्रेसमा पनि पार्टी प्रवक्ता विश्वप्रकाश शर्मालगायत चर्चित नेताहरूले त्यसको विरोध गरेका छन् ।

यस्तै नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य किरण, अर्को नेकपाका अध्यक्ष ऋषि कट्टेल, पुनर्गठित माओवादी केन्द्रका अध्यक्ष गोपाल किराँती, नेकपा मालेका महासचिव सीपी मैनाली, राष्ट्रिय जनता पार्टीका राजेन्द्र महतोलगायत नेता प्रतिबन्धको विपक्षमा छन् । सेनाका पूर्वजर्नेल प्रेमसिंह बस्न्यातले 'त केपी र बादलले आदेश गर्दैमा सेना र प्रहरी विप्लवका विरुद्ध लाग्दैनन् किनकि विप्लवको पार्टी राष्ट्रवादी पार्टी हो' सम्म भनेका छन् ।

सरकारले विप्लव नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाएको घटनापछि अब देश गृहयुद्धमा जाने र देशमा जनयुद्ध २ सुरु भएको हो कि भन्ने अड्कलबाजी सुरु भएको छ । मानिसहरू तत्कालीन जनयुद्धकालीन समय २०५२ देखि २०५८ सालको भीषण युद्धको आँधीबेहरीको स्मरण गर्न थालेका छन् । प्रहरीले सञ्चालन गरेको सर्च एन्ड एरेष्ट अप्रेशनले गर्दा रोल्पा रुकुम कालीकोट लगायतका जिल्लाहरूका स्थानीय जनताहरू अहिले तत्कालीन जनयुद्धको बेला तत्कालीन शाही सुरक्षाकर्मीहरूले चलाएको रोमियो अप्रेसनको स्मरण गर्दैछन् । अहिले पनि प्रहरी गाउँगाउँमा गएर नेकपाका नेता-कार्यकर्ता र उसका समर्थक-शुभचिन्तकहरूको घरहरूमा छापा मार्ने, पक्राउ गर्ने, धरपकड गर्ने अराजनीतिक काम गर्न थालेपछि गाउँमा एकखालको आतङ्क र त्रास पैदा भएको छ । नेकपालाई गाउँ र सहर दुवैतिर जनताको उल्लेख्य समर्थन रहेको र हजारौँ युवकयुवती, गरिब किसान, मध्यमवर्गको आकर्षण भएको कारण पनि सरकारले प्रशासनिक दमन गरेपछि नेकपाको आयतन झन् बढेको छ । तसर्थ सरकारले हतारपूर्वक र प्रतिशोधपूर्ण व्यवहार गरेको खण्डमा देश साँच्चै गृहयुद्धमा जाने खतरा बढेको छ । यो स्वयम् सरकार र केपी-प्रचण्डका लागि आत्मघाती हुने सङ्केत देखिएको छ ।

# भूमिहीन सुकुमबासी सङ्घका केन्द्रीय सदस्य गौतम गिरफ्तार

**काठमाडौँ** : अखिल नेपाल भूमिहीन सुकुमबासी सङ्घका केन्द्रीय सदस्य अर्जुन गौतमलाई प्रहरीले गरिफ्तार गरेको छ । फागुन २६ गते काठमाडौँको बूढानीलकण्ठस्थित आफ्नै घरबाट बिनाकारण अपहरणशैलीमा गौतमलाई गिरफ्तार गरिएको अखिल नेपाल भूमिहीन सुकुमबासी सङ्घले जनाएको छ । नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल भूमिहीन सुकुमबासी सङ्घका अध्यक्ष ओमप्रकाश पुनले मङ्गलबार प्रेसविज्ञप्ति प्रकाशित गर्दै उनलाई प्रहरीले गरेको गरिफ्तारीप्रति आपत्ति जनाएका छन् । पुनले सरकार भूमाफिया र जग्गा दलालको निर्देशनमा चलेको आरोप लगाएका छन् । नेता पुनले वर्तमान सरकारलाई फासिवादी भन्दै देशभर सुकुमबासीमाथि धरपकड र गिरफ्तार भइरहेको भन्दै तत्काल रोक्न आग्रह पनि गरेका छन् । अध्यक्ष पुनले प्रहरी प्रशासन सत्तारूढ पार्टीको कार्यकर्ता बनेको भन्दै त्यसले आफूहरूलाई एकीकृत जनक्रान्तिको नयाँ युद्धमा जान बाध्य बनाउने बताए ।

विज्ञप्तिमा उल्लेख छ, "कुनै बेला काङ्ग्रेसको कार्यकर्ताका रूपमा परिचालित नेपालको प्रहरी प्रशासनले नेपाली जनतालाई जनयुद्धमा जान बाध्य पारेझैँ पुनः अहिले केपी र प्रचण्डको कार्यकर्ताका रूपमा परिचालित प्रहरीप्रशासनले हामीलाई एकीकृत जनक्रान्तिको नयाँ युद्धमा जान बाध्य बनाउँदैछ । जग्गा दलाल र भूमाफियाहरूको योजनामा तमाम सुकुमबासी बस्ती स्वयम् पुलिस प्रशासनको बलमा उजाड पारिएको छ । यो कथित कम्युनिस्ट नामधारी सरकार दलाल र भूमाफियाहरूको हातमा चलेको छ ।"

यसैबीच अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य एवम् राप्ती क्षेत्रीय समन्वय समितका संयोजक पदम पोखेललाई प्रहरीले प्युठानबाट अपहरण शैलीमा बिनाकारण गिरफ्तार गरेको छ । डेराबाट पोखेललाई अपहरण शैलीमा बिनाकारण गिरफ्तार गरेको अखिल (क्रान्तकारी) ले जनाएको छ । पोखेललाई जिल्ला प्रहरी कार्यालय प्युठानमा राखिएको छ र सामाजिक अपराधसम्बन्धी जबरजस्ती झूट्टा मुद्दा लगाउन खोजिएको समाचारमा जनाइउको छ । बिनाकारण झूट्टा मुद्दा लगाउन खोजिएको भन्दै पदम पोखेलले हिरासतभित्रै भोक हडताल गरेको बताएका छन् । यसअघि पनि प्युठानबाट एकजना शिक्षिकासहित २ जनालाई आफ्नै काममा व्यस्त भइरहेको बेला बिनाकारण गिरफ्तार गरिएको थियो । प्रहरीले शिक्षिका भगवता ठेडीमगरसहित २ जनालाई बिनाकारण गिरफ्तार गरेको हो । पोखेललाई अपहरण शैलीमा प्रहरीले बिनाकारण गिरफ्तार गरेको भन्दै अखिल (क्रान्तिकारी) का अध्यक्ष चिरञ्जीवी ढकालले आइतबार प्रेसविज्ञप्ति प्रकाशित गर्दै तत्काल रिहाइको माग गरेका छन् ।

# पार्टी कार्यालयमा हस्तक्षेप भएपछि सशक्त प्रतिरोध गर्ने नेकपाको चेतावनी



■ शिव डुम्रे/बुटवल

नेपाल कम्युनिस्ट पार्टी रूपन्देहीको पार्टी कार्यालय पाल्पारोडस्थित 'रातो घर' मा नेपाल प्रहरी र राष्ट्रिय वाणिज्य बैङ्कका कर्मचारीहरूद्वारा हस्तक्षेप गरिएकोप्रति नेपाल कम्युनिस्ट पार्टीले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । नेकपाले विज्ञप्ति सार्वजनिक गर्दै पार्टी कार्यालयको ताल्चा फोरेर पार्टीको झन्डा, ब्यानर, साइनबोर्डलगायत महत्वपूर्ण सामग्री कब्जामा लिएकोप्रति घोर भर्त्सना तथा निन्दा गरेको हो । आफूहरूले १३ वर्षदेखि पार्टी कार्यालय सञ्चालन गर्दै आइरहेको उक्त कार्यालयमा बिनासूचना हस्तक्षेप गरिएको र कार्यालयमा बस्दै आएका मजदुरहरूलाई २ दिनभित्र खाली गर्न चेतावनीसमेत दिएको बताउँदै विज्ञप्तिमा यस्तो हर्कत नदोहोर्‍याउनसमेत चेतावनी दिइएको छ ।

जिल्ला इन्चार्ज शरद वली र जिल्ला सेक्रेटरी अमर आरसीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'कम्युनिस्टका नाममा समाजवाद र साम्यवादको बदनाम गर्ने वली-प्रचण्ड नेतृत्वको सामाजिक दलाल पुँजीवादी सरकारले हाम्रो कार्यालयमाथि गरेको अनावश्यक हस्तक्षेप, पार्टीमाथि लगाइएको प्रतिबन्ध र हाम्रा नेता-कार्यकर्ताहरूको गिरफ्तारी तथा जनविरोधी हर्कतविरुद्ध हामी राजनीतिक, वैचारिक तथा वर्गसङ्घर्षको माध्यमबाट सशक्त प्रतिवाद गर्दछौँ र गृहप्रशासनको यस्तो फासिवादी र राजनीतिक स्वतन्त्रताविरोधी हर्कतविरुद्ध सम्पूर्ण मानवअधिकारवादी, नागरिक समाज, पत्रकार, न्यायप्रेमी जनसमुदायलाई प्रतिरोध गर्न अपिलसमेत गर्दछौँ ।'

वाणिज्य बैङ्कले लगाएको ताल्चा तोडेर आफ्नो पार्टीले ताल्चा लगाएको र पार्टी कार्यालय यथावत् रहेकोसमेत विज्ञप्तिमार्फत जानकारी दिँदै फेरि त्यस्तो खालको हस्तक्षेप गरेमा पार्टीले गम्भीर र कठोर निर्णय लिन बाध्य हुने र हस्तक्षेपविरुद्ध पार्टी जुनसुकै मूल्य चुकाउन तयार रहेको चेतावनीसमेत विज्ञप्तिमार्फत दिइएको छ ।

# ताप्लेजुङमा युवा सङ्ठनको भेला

ताप्लेजुङ : नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन नेपाल ताप्लेजुङको चौथो जिल्ला सम्मेलन सम्पन्न भएको छ । विदुरको अध्यक्षतामा १९ सदस्यीय नयाँ कमिटी गठन गर्दै युवा सङ्गठनको चौथो जिल्ला सम्मेलन सम्पन्न भएको हो । ताप्लेजुङको फोक्तालुङ गाउँपालिकामा युवा सङ्गठन नेपालको जिल्ला सम्मेलन सम्पन्न भएको हो । कार्यक्रममा विदुर, निमा, विशिष्टलगायतको उपस्थिति थियो ।

सन्दर्भ : २१ औँ प्रतिरोध सांस्कृतिक दिवस

# सम्झनाका तरेलीमा ती सुन्दर अनुहार

राजु

जनयुद्धमा बलिदान गर्ने परिचित असङ्ख्य अनुहारहरूमध्ये २०५५ साल चैत ५ गते अनेकोटमा जिउँदै डढाइएका अनुहारहरूको सम्झनामा र सम्मानमा लेख्न लागिरहेको छु । 'काभ्रेको अनेकोटमा ७ जना संदिग्ध माओवादीहरूको दोहोरो भिडन्तमा हत्या…', चैत ५ गते राति पौने ९ बजे बीबीसी नेपाली सेवाले समाचार प्रसारण गऱ्यो । मृत्युको खबरले मुटुलाई बारम्बार गिजोलिरहेको बेला बीबीसीको समाचारले मुटुलाई झन् नराम्रोसँग चपायो । स्तब्ध भएँ म । 'दोहोरो भिडन्त' नाटक, केवल नाटक, यस्तै लाग्यो मलाई । दोहोरो भिडन्तमा माओवादीतर्फ सातसातजना मारिनु तर प्रहरीतर्फ भने एकजना पनि नमारिनु, के यस्तो घटना पनि सम्भव छ ? कसरी पत्याउने दोहोरो भिडन्त भनेर ? रक्तपिपासु बगरेहरूले जब निर्दोष जीवनहरूलाई जथाभाबी चपाउन थाल्छन्, तब लाज ढाक्नका लागि 'दोहोरो भिडन्त' को नाटक प्रहसन गर्छन् तर वास्तविक भिडन्त हुँदाचाहिँ बगरेहरू चुँसम्म बोल्दैनन् । बोल्ने हिम्मत नै गर्दैनन् । बबुराहरूले हिम्मत गरून् नै कसरी ? जब वास्तविक भिडन्तहरूको इतिहासमा आजसम्म शर्मनाक हार खाँदै आइरहेका छन् । आततायीहरूप्रति मभित्र आक्रोश र जुगुप्सा एकैचोटि जागेर आयो । सहयात्रीहरूका असङ्ख्य अनुहारहरू मानसपटलमा छाल बनेर तरङ्गिन थाले । सोच्दासोच्दै सोचाइमै चुर्लुम्म डुबेँ म । असङ्ख्य जीवनहरूका साथमा थुप्रै बस्तीहरू रक्तमुच्छेल भएको देखेँ मैले, घायलघायल भएको पाएँ मैले । असङ्ख्य परिचित-अपरिचित अनुहारहरूको भीडमा हराएँ म । अहँ, किनारामा उत्रिन सक्दैसकिनँ । नाइल नदीजस्तै लामो रातमा रातको आयुले थिच्दै जाँदा प्रतीक्षा कति धेरै पीडादायी हुन्छ होला सोच्नुस् त एकपटक ! साँच्चै पीडादायी हुँदोरै'छ प्रतीक्षा । रातको आयु त समाप्त भयो नै तर मभित्र छट्पटी भने जस्ताको तस्तै रहिरह्यो । आतुर थिएँ म अनेकोटमा जिउँदै पोलिएका सातजना अनुहार चिन्नलाई । करिब १० बजेतिर पर्खालभित्र अखबारहरू आइपुगे । अखबारको पानाभरि हुत्याएँ दुवै आँखाहरू । आँखाहरू अखबारका पानाभरि फैलिए । एकाएक धमिला भए आँखा । अखबारका अक्षरहरू आगो बनेर उडे, ज्वाला बनेर छातीभरि फैलियो । म ह्वारह्वार्ती बल्न थालेँ आक्रोशले । ' एमालेको सुराकीमा सातसातजना जनकलाकारहरूको दिनदहाडै बीभत्स सामूहिक हत्या…!' ओहो ! कति भयानक यथार्थ, कति तीतो सत्य ! पत्याउन मन नलाग्दानलाग्दै पनि जबर्जस्ती पत्याउनैपर्ने, विश्वास नगरूँ भन्दाभन्दै पनि विश्वास गर्नैपर्ने । कति प्यारा थिए ती नामहरू, कति सुन्दर थिए ती जीवनहरू । ती सुन्दर जीवनहरू, लालुपातेझैँ झर्झराउँदा ती अनुहारहरू पोले आततायीहरूले, जिउँदै पोले । झट्कँदै नझट्कने पहरे छातीहरूमा विषालु गोलीहरू दागे । समवेदनाले भरिएका कोमल मुटुहरू क्षतविक्षत पारे । च्याङ्बा लामा, निर्मला देवकोटा, सुभद्रा सापकोटा, चिनीमायाँ लामा, गुम्बासिंह लामा, डम्बर श्रेष्ठ, मञ्जु कुँवर…। ती प्यारा नामहरू आज झन्झन् प्यारा बनेका छन् । प्यारा मात्रै होइन, सदासदाका लागि इतिहासमा मेटिँदैनमेटिने गरी कुँदिएका छन् । शब्दश्रद्धा ती प्यारा नामहरूलाई, ती प्यारा जीवनहरूलाई, ती अमर जीवनहरूलाई । च्याङ्बा लामा काभ्रेली जनताको मुटुको धड्कन, जनताको गीत गाउने एउटा रातो गायक, जनताको गीत लेख्ने एउटा प्यारो लेखक, सुतेका बस्तीहरूलाई ब्युँझाउने एउटा जनवादी कलाकार, समरको एउटा भरोसायोग्य सिपाही, मेरो प्यारो साथी, यात्राको एउटा सहयात्री । छैन, आज यस धर्तीमा भौतिक रूपमा छैन । हामीभन्दा धेरै टाढा, क्षितिजभन्दा पनि टाढा, खै कता हो कता हराएका छन् । प्यारो साथी ! भन तिमी कहाँ छौ ? हामी तिमीलाई नै धुइँधुइँती खोजिरहेका छौँ । तिम्रो अनुपस्थितिमा हामी घाइते बाघ भएका छौँ साथी, घाइते बाघ भएका छौँ । हाम्रो घाइते मनलाई थुम्थुम्याउन तिमी आउँदैनौ त ? हिजो सिन्धुलीका बस्तीहरूमा, काभ्रेका गाउँहरूमा महान् उद्देश्य बोकेर सँसगै यात्रा नापेका ती क्षणहरूलाई कसरी भुल्न सक्छु र प्यारो साथी म ! तिमालका चौँरीका बथानसँगै कस्तरी रमाएका थियौँ हामी । सिन्धुलीको महाभारतमा पाखैभरि राताम्मे फुलेका राता गुराँसहरूसँगै हामीले पनि बैँसालु लालीगुराँसजस्तै सपनाहरू कस्तरी आँखाभरिभरि फुलाएका थियौँ । शिशिरको कठ्याङ्ग्रिँदो जाडोमा एउटै सिरक ओडेर, एउटै थालमा खाएर केन्द्रीय कारागार, वीरगन्जमा लडाइँ लडेका ती सङ्गीन पलहरूलाई बिर्सन खोज्दा बिर्सन सकिन्छ र ? सकिँदैन साथी, सकिँदैन । बिर्सन खोजेर पनि बिर्सन सकिने कुरा पनि त होइन । यतिखेर म मेरो अर्को प्यारो साथी कान्छा लामालाई पनि झल्झली सम्झिरहेको छु । पर्खालभित्र कैद हुनुअघि कान्छा लामा मेरा एक अजनबी साथी थिए । जब म रूपान्तरण भई केन्द्रीय कारागार

काठमाडौँमा आएँ, तब ती अजनबी सहयात्रीसँग परिचय भयो । सधैँ हँसमुख रहने, अत्यन्तै अनुशासित, लगनशील, होचो कद,




*दोहोरो भिडन्तमा माओवादीतर्फ सातसातजना मारिनु तर प्रहरीतर्फ भने एकजना पनि नमारिनु, के यस्तो घटना पनि सम्भव छ ? कसरी पत्याउने दोहोरो भिडन्त भनेर ? रक्तपिपासु बगरेहरूले जब निर्दोष जीवनहरूलाई जथाभाबी चपाउन थाल्छन्, तब लाज ढाक्नका लागि 'दोहोरो भिडन्त' को नाटक प्रहसन गर्छन् तर वास्तविक भिडन्त हुँदाचाहिँ बगरेहरू चुँसम्म बोल्दैनन् । बोल्ने हिम्मत नै गर्दैनन् ।*

कलिला तर झर्झराउँदो गोलो अनुहार भएका ती व्यक्ति आज हामीसँग छैनन् । छ त केवल सम्झना छ, स्मृतिको छाया छ । पर्खालभित्र पनि कति सक्रिय थिए च्याङ्बा र कान्छा । उनीहरू दुवैलाई यात्राप्रति पूरापूर विश्वास थियो । प्रायजसो राति अबेरसम्म थाङ्काहरू कोर्थे । दुवैजना कविताहरू लेख्थे, गीतहरू लेख्थे । लेखिसकेपछि हतारहतार मलाई देखाउँथे । म मेरा प्रिय साथीहरूलाई नयाँनयाँ कुराहरू लेख्न प्रोत्साहित गर्थें । कमजोरीहरू बिनाहिचकिचाहट औँल्याइदिन्थेँ । कान्छा लामाका एक दर्जनभन्दा बढी गीतहरू र कविताहरू ताजै छन् आजतक । प्यारा साथीहरूले लेखेका ती कविता र गीतहरू सुरक्षित छन् कि छैनन् ? मलाई अहिले थाहा छैन । मीठामीठा कविता र गीत लेख्ने मेरा प्यारा साथीहरू आज आफैँ सुन्दर कविता बनेका छन्, मीठा गीतमा रूपान्तरण भएका छन् । कविहरू आज साथीहरूको सम्झनामा निरन्तर कविता जन्माइरहेका छन्, गीतहरू साथीहरूको सम्मानमा सुन्दर गीतहरू लेखिरहेका छन् । बेथान कारबाहीमा सहादत प्राप्त गर्ने सहिद तीर्थ गौतम र सहिद दिलमाया बम्जनको सुन्दर तस्बिरहरू कोर्ने कान्छा लामा आज स्वयम् सहिदमा अनुवाद भएका छन् । ती कल्कलाउँदा परिश्रमी हातहरूले थुप्रै सहिदहरूका तस्बिरहरू कोर्न बाँकी नै थिए तर यो आततायी सरकारलाई यो सह्य भएन । त्यसैले कान्छा लामाहरूको कलम भाँच्यो, कुची र ब्रस खोस्यो । च्याङ्बा लामाहरूको सारङ्गीको तार चुँडायो, बाँसुरी र मादल फुटायो । आततायीहरूलाई यत्तिले मात्र चित्त बुझेन र कान्छा लामाहरूमाथि गोली बर्सायो, च्याङ्बा लामाहरूलाई जिउँदै डढायो । म थुक्छु यो कायर, आततायी सरकारलाई, खुबसँग थुक्छु- थुः, थुः थुः, थुः । प्यारो साथी कान्छा, मसँग तिम्रो तस्बिर कोर्ने सुन्दर कला त छैन तैपनि तिम्रो तस्बिर मृत्युपर्यन्त छातीको देब्रे कुनामा मुटुसँगै सजाइराख्नेछु । प्यारो साथी च्याङ्बा, मसँग तिम्रोजस्तो कला र गला त छैन तर पनि तिमीले छाडेर गएका गीतहरू गुन्गुनाइरहनेछु- जीवनभरि । तिमीहरूको अनुपस्थितिमा कति विक्षिप्त छु, म । आऊ, साथीहरू आऊ, मलाई हेर्न आऊ । मेरा आँखाको साउने झरी हेर्न आऊ । मेरो छातीमा दन्किरहेको आगो हेर्न आऊ । निर्मला देवकोटा सिन्धुलीकी छोरी, रातो गीत गाउने राती गायिका, जनताकी प्यारी कलाकार । जवानीमा पाइला टेक्दै गरेकी एक सम्भ्रमी, मेरी आँखाकी नानी । हो, उनीसँग अब मेरो भेट कहिल्यै हुँदैन । मेरो आँखाकी नानीको त्यो जूनभन्दा पनि शीतल अनुहार स्मृतिको छायामा मात्रै बाँचिरहेको छ अब तर मेरी प्यारी बहिनीको त्यो घामभन्दा पनि तातो विचार, मरुभूमिमा दुबो फैलिएझैँ फैलिरहनेछ- युगयुगान्तर । प्यारी बहिनी ! तिम्रो सहादतको खबरले गुराँसैगुराँस फुल्ने मेरा आँखा आँसु बनेर बिजाइरहेछ । कोसीको पानीजस्तो सपना काँडाको झ्याङमा अल्मल्लिएको चराझैँ रङ्भङ्गिएको छ । मन पनि भँगालाले खाएजस्तै अनुभूत भइरहेछ । यो मन फुल्याउन साह्रै गाह्रो परेको छ बैनी, साह्रै गाह्रो ! अमलेको सिम्लेकिनारमा तिमी जुन घरमा जन्मियौ, त्यसले नै तिमीलाई आगोसँग खेल्न सिकायो, ज्वालामुखीमा यात्रा गर्न उत्साहित गरायो । प्यारी बहिनी, यति सानो उमेरमा तिमीले जति लामो यात्रा गर्न सफल भयौ, त्यसले नै तिमीलाई युगयुगान्तरका लागि जिउँदो बनायो । जुन बेला तिमी सानी थियौ, त्यतिबबेला पनि कति आँटिला कुरा गर्थ्यौ तिमी, कति साहसिला कुरा गर्थ्यौ तिमी । साँच्चै तिमी भरासिली थियौ बैनी । त्यही बेलादेखि नै हामीले तिमीमाथि एउटा जिउँदो सपना हुर्काएका

थियौँ । हाम्रो त्यो जिउँदो सपना आफू जिउँदै डढेर आज पूरा गराएकी छ्यौ । धन्य छ्यौ बैनी, तिमी धन्य छ्यौ । तिमीसँग हामी नतमस्तक छौँ । हाम्रो प्यारो बस्ती उजाड छ रे आजकल । सिम्ले र खानीखोला विरहलाग्दो भएका छन् रे । भ्वाँसेडाँडामा पनि एकतार हावा चलिरहन्छ रे, झल्कने पाखोमा बस्ने न्याउली र कोइलीले गाउँ छोडेर गएका गाउँलेहरूलाई 'गाउँ फर्क…, गाउँ फर्क…' भन्दै आह्वान गरिरहेका छन् रे । छर्छरेको चुचुरो पनि श्रद्धाले इन्द्रेणीझैँ नुहेका छन् रे । बस्तीभरि हूलका हूल बगरे मात्रै भेटिन्छन् रे । हाम्रो सिम्लेकिनारको छाप्रो पनि खरानी बनायो रे बैनी, खरानी । तिमी गयौ, कहिल्यै नफर्किने गरेर गयौ । हामीलाई धरधरी रुवाएर गयौ । यस्तो वियोगमा पनि हामीले अघाउन्जेल रुन पाएका छैनौँ । मेरी आँखाकी रानी ! हाम्रो बस्तीमा बगरेहरूले चिहानको पहाड नै किन नबनाऊन्, तैपनि आततायीहरूको बन्दुकले वीर हरूको छाती भेदन गर्न सक्नेछैन, सुनौलो बिहानीको आयु कालो रातले लुट्न सक्नेछैन । प्यारी बहिनी ! कहिलेकहिले म 'माइली' भनेर बोलाउँथेँ तिमीलाई । कति मन पर्दैनथ्यो है तिमीलाई 'माइली' भनेर बोलाएको । अनुहारमा हल्का रिस पोत्दै तत्कालै प्रतिवाद गर्थ्यौ- ' मलाई माइली हैन, साइँली भन्नुस् ।' मैले एक दिन तिमीलाई सोधेको थिएँ- किन तिमीलाई माइली भनेको मन पर्दैन र ? मेरो प्रश्नको उत्तरमा तिमीले कति दह्रो तर्क पेस गरेकी थियौ- माइली शब्द मन नपरेर साइँली भन्नुस् भनेकी हैन मैले । मलाई माइली शब्द पनि मनपर्छ, रोलक्रमअनुसार म माइली होइन, साइँली हो । मभन्दा माथि एउटी दिदी र एउटा दाजु भएपछि म कसरी माइली हुन्छु ? नारी-पुरुष बराबरी पनि भन्ने अनि फेरि यति सानो कुरामा पनि पक्षपात गर्ने ? यो त सामन्ती चिन्तन भयो नि दाइ । साँच्चै बहिनी तिमीले कति गजबसँग चुकुल ठोकिदिएकी थियौ मेरो मुखमा । तिम्रो तर्कलाई धेरै दिनसम्म चिन्तनमनन गरेँ मैले । तर्क त सानै थियो तर यो सानै तर्कबाट पनि म खुब प्रभावित भएँ र 'माइली' भनेर तिम्रो चित्त दुखाउने काम कहिल्यै गरिनँ । अब म बहिनी, तिम्रो चित्त दुखाउँछु भनेर पनि पाउँदिनँ । साइँली बैनी ! करिब एक वर्षअघि तिम्रो र मेरो भेट सिन्धुली कारागारमा भएको थियो । गेटअगाडिको किलामा उभिएर 'अब त म पनि ठूली भइसकेँ दाइ' भन्दा तिम्रो कुरामा पटक्कै विश्वास लागेको थिएन मलाई । त्यतिखेर तिमीले हामीलाई चाँडै लिन आउने वचन पनि दिएकी थियौ तर बैनी, तिम्रो त्यो सपना पूरा गराउन दिएनन् दुष्टहरूले । तिम्रो त्यो सपनाको सुन्दर संसारमा आततायीहरूले एकाएक आगो झोसिदिए । जिउँदै पोलियौ तिमी दुष्टहरूको हातबाट । तिमीले आफू ठूली भएको जानकारी गराउँदा मैले पत्याएको थिइनँ तर बैनी, तिमी त साँच्चै ठूली भइसकेकी रहिछ्यौ । तिम्रो उचाइ त सगरमाथाभन्दा उच्च भइसकेको रहेछ । सगरमाथाभन्दा उच्च तिम्रो उचाइलाई मेरो रातो सलाम ! 'आइपुग्यो छापामार खुकुरी भिरेर…' जस्ता रगत उमाल्ने गीतहरू जेलका गेटहरूमा पनि कति निर्धक्कसँग गाएकी थियौ तिमीले । त्यतिखेर कति खुसी भएका थियौँ हामी ! त्यो खुसीलाई हाम्राबीचबाट आततायीहरूले सदासदाका लागि खोसेका छन् । हामी अझ प्यारी बहिनीले गाएका धेरैधेरै गीतहरू सुन्न चाहन्थ्यौँ । धेरैधेरै खुसीमा रमाउन चाहन्थ्यौँ तर आततायीहरू तिम्रो गीतदेखि डराए, तिम्रा आवाजदेखि डराए र डराए तिमीदेखि नै र जिउँदै सुतायो दन्कँदो चितामाथि तिमीलाई । तिमी चितामाथि जलेको खबर सुन्दा कति विक्षिप्त भएँ म, खै कसरी अभिव्यक्त गरौँ र यहाँ ? साँच्चै बहिनी, तिम्रो अनुपस्थितिमा म पागल बनेको छु, पागल । नपत्याए हेर्न आऊ मलाई । मेरी प्यारी

बहिनी । मेरो आँखाको साउने झरी हेर्न आऊ, मेरो छातीभित्र दन्केको आगो हेर्न आऊ । आऊ, बहिनी आऊ, मलाई हेर्न आऊ । चौध वर्षीया मञ्जु कुँवरको कलिलो मुहार स्मृतिमा धमिलो भएर प्रतिबिम्बित भइरहेको छ । मञ्जुको घरमा धेरैचोटि गएको छु म, दर्जनौँपटक घरको आँगन कुल्चिएर ओहोरदोहोर गरेको छु तैपनि किशोरी मञ्जुको तस्बिर प्रस्ट भइरहेको छैन । सुभद्रा सापकोटा, चिनीमाया लामा, डम्बर श्रेष्ठ र गुम्बासिंह लामालाई व्यक्तिगत रूपमा म चिन्दिनँ । यसको मतलब ती आदरणीय नामहरूप्रति, ती राता यात्रीहरूप्रति, ती झर्झराउँदा जीवनहरूप्रति मेरो श्रद्धा छैन भन्ने हैन । ती आदरणीय नामहरूप्रति, यात्रीहरूप्रति, ती झर्झराउँदा जीवनहरूप्रति मेरो असीम श्रद्धा छ, लाखौँ रातो सलाम छ । यतिखेर हामी हाँस्दाहाँस्दै रोएका छौँ र रुँदारुँदै हाँसेका छौँ । आफन्तजनहरूको र वर्गीयजनहरूको बीभत्स मृत्युले हामी हतप्रभ भएका छौँ । सुखद भविष्यको कल्पना हामीले मस्तिष्कमा सजाएका पनि छौँ । काभ्रेको इतिहासमा मात्रै हैन, सिङ्गो नेपालको इतिहासमा नयाँ र अत्यन्तै दुःखद् घटनाका रूपमा चैत ५ को अनेकोटको हत्याकाण्ड नेपाली इतिहासमा जीवित रहनेछ । जब सरकार जनताबाट एक्लिन्छ, निरङ्कुश, फासिस्ट र आततायी सत्ता रङदेखि डराउँछ, सारङ्गी र बाँसुरीदेखि डराउँछ, मादल र हार्मोनियमदेखि डराउँछ, डराउँदाडराउँदा ऊ हाम्रो हातदेखि डराउँछ, हाम्रो आवाजदेखि डराउँछ । अन्ततः ऊ आज सुत्केरी आमादेखि डराएको छ । कोक्रामा मुस्कुराइरहेका अबोध नानीहरूको निश्छल मुस्कानदेखि डराएको छ । यो आततायी सरकारलाई आजकाल डराउने रोग लागेको छ । त्यसैले जतातत्तै मृत्यु रोप्दै हिँडेको छ । आततायीहरूलाई के थाहा, चिहानबाट अजस्र जीवनहरू पलाउँदै गएको कुरा ! हिजो रुकुममा मस्त ढले, सिन्धुलीमा जयाहरू ढले, काभ्रेमा कान्छा लामाहरू ढले तर के ती राता मान्छेहरूले गाउने गीत उनीहरूसँगै चिहानमा पुरिए त ? पुरिएनन् । अझ ती राता गीतहरू झन् सिम्रिक बन्दै, लालुपाते र लालीगुराँस बन्दै गाउँबस्तीमा फैलिए । चौध वर्षीया किशोरी मञ्जुले समेत बस्तीमा ढलेका आफन्तहरूको जीवन खोज्दै गीत गाए । चिहानको पहाडमाथि रोइरहेका गाउँहरू खोज्दै सङ्गीत सुनाए । पर्खालभित्र जन्जिरले कसिएका आफन्तहरूका हातहरू माग्दै आफ्ना कलिला हातहरू आततायीहरूले टुक्राटुक्रा पारेर छप्काएका छन् । कलकलाउँदा जीवनहरूलाई जिउँदै डढाएका छन् तर किशोरी मञ्जुका कलिला एकजोर हात लाखौँ हात बनेर उठिसकेका छन् । ती जिउँदै पोलिएका कलकलाउँदा जीवनहरू लाखौँ जीवन बनेर यात्रामा जुटिसकेका छन् । आततायीहरूको इतिहास भनेको हत्या, बलात्कार र लुटपाटको इतिहास हो । अमेरिकी आततायीहरूले जनताका प्यारा गायक पल रब्सनलाई, जनताका प्यारा लेखक अबु जमाललाई चपाउन खोजेको इतिहास हाम्रासामु ताजै छ । तसलिमा नसरिन र सलमान रुस्दीले आजसम्म भोगिरहेको नियतिबाट हामी अपरिचित छैनौँ । फासिस्ट राणाहरूले सुब्बा कृष्णलाललाई जेलभित्र नै कुहाएको इतिहास पनि हाम्रासामु चिसिएको छैन । आततायीहरूले इतिहासलाई अझ कठोर र अझ तीव्र बनाएका छन् । बनाओ आततायीहरू, जतिसक्दो कठोर बनाओ । जतिसक्दो तीव्र बनाओ तर हामी हाम्रो गीत गाइरहनेछौँ, हाम्रो सङ्गीत बजाइरहनेछौँ, हामी हाम्रो यात्रामा अघि बढिरहनेछौँ, निरन्तर…निरन्तर… । (रातो युद्धले जन्माएका राता सहिदहरू, पहिलो संस्करण २०६० बाट)

## कविता

सन्दर्भ :
सांस्कृतिक प्रतिरोध दिवस

### लालताराहरूसँग


अशोक सुवेदी

माफ गर
मेरा लालतारा
पारेर मुटु गाँठो
परेलीका डिलडिलमा डब्डबाएका
रोकेर नुनिला आँसुका ढिक्काहरू
मैले भन्नैपर्छ
चेतना र सभ्यतालाई ज्यूँदै जलाउने
दाहसंस्कार गर्न कालरात्रीको
१८ वर्ष नलाग्दै तिमीले फायर खोलेको
कमान्डरले गरेको छ आत्मसमर्पण
झुकाएको छ बन्दुक
च्यातेको छ रक्तरञ्जित पोसाक
र उठाएको छ दुवै हात !
माफ गर लालतारा माफ गर !
पश्चाताप गरेको छ उसले
तिम्रो रातो रगत र बलिदानप्रति
तिम्रो बहादुरी र कासनप्रति
तिम्रो ललकार र विस्फोटप्रति
मात्र उसका लागि र उसको स्वार्थका लागि
पारेको छ धुजाधुजा
तिम्रो रगतमा चोबलेर
रातो
गाढा रातो रङ बोकेर फर्फराएको झन्डा !
प्रायश्चित गरेको छ उसले बारम्बार
तिम्रो गौरवशाली बलिदानमाथि र
हजारौँ क्रान्तिकारी बाबाआमाको,
लाखौँ ऊर्ध्वगामी नानीबाबुको
अदम्य शौर्य, त्याग र चातुर्यमाथि
थुकेको छ उसले
आफैँले बनाएको रक्तरञ्जित यात्राप्रति र
फर्काएको छ घोडा
ओरालो, सीधै ओरालो
शिखर चुम्न लागिसकेका बाइपङ्खी घोडा
फुकालेको छ काँठी र
उखेलेको छ जगर
भुल्ल्याएर शरीरमा
दलेको छ नुनचुक
मात्र आफ्ना लागि र
आफ्नो निहित स्वार्थका लागि !
आँसु, पीडा र शोकलाई
रूपान्तरित गरेर आक्रोश र बारुदमा
जो विस्फोट भएथे अन्तिम क्षणसम्म
मुक्ति जिन्दावाद, मृत्यु मुर्दावाद भन्दै
खाएथे शपथ र
बचेको एउटा मुट्ठी उचालेर
थर्काउँदै नारायणहिटी, ह्वाइटहाउस र दिल्ली
दरबारलाई
लगाएथे आशावादी नाराहरू
शिर झुकाएर भन्छु-
क्याम्प फेरेको छ कमान्डरले र
सगर्व घोषणा गरेको छ गद्दारीको
नाम जप्दै मालेमाकै
जन्मिएको छ ख्रुस्चेभको अर्को संस्करण
उदाएको छ तेङको नयाँ सन्तान र
बनेको छ रायमाझीको असली चेलो !
प्रिय लालतारा
धैर्य, संयम र गम्भीर छौँ प्रिय लालतारा !
कमान्डर बौलाएको यो घडीमा
कमान्डर मरेको यो क्षणमा
फुकीफुकी पाइला चालिरहेछौँ
निर्माण गर्दै नयाँ कमान्डर ।
सूर्यलाई हत्केलाले छेक्न
अब धावा बोल्नै परेन ओबामाले र
तिरङ्गी पठाउनै परेन विस्तारवादले
यहीँ जन्मियो लेन्डुप र
बनायो लालसेनालाई तिरङ्गी
लगाएर बिप्पा, एअरपोर्ट, सुपुर्दगी र जलस्रोतमा ल्याप्चे
र गरेर घोषणा लालसेनाको मृत्युको
ढाक्यो रातो झन्डाले !
मनाउँदै गर्दा तिम्रो महान् बलिदानीको १४ औँ वर्षगाँठ
गर्दैछु घोषणा पूर्वकमान्डरको अन्तिम संस्कारको-
नेपाली लेन्डुपको/महाभारतकालीन विभीषणको
जो आफ्नै सेनालाई बन्धक बनाउन
दिन्छ कासन दुस्मन सेनालाई
त्यही सेना
जसका गोलीले मारिएथे आफ्नै योद्धा
र लुटिएथे चेलीका अस्मिताहरू
म धिक्कार्छु, थुक्छु हजारपटक
वर्गघाती नवलेन्डुपहरूलाई र
कासन गर्छु नवीन विद्रोहको
जहाँ सामेल छन्
सपनामाथि आगो लगाइएका हजारौँ अनेकोटहरू
र सपनाको सुन्दर रङमाथि हिलो छेपिएका ती
अयोग्यहरू
जो क्रान्तिका लागि योग्य मात्र होइन, सुयोग्य छन्
र अब्बल छन् वैरीलाई हायलकायल पार्न ।
प्रिय लालतारा !
खोसेर तिम्रो रगतसँग साटिएको हतियार र बारुद
कब्जा गरेर तिम्रा सपना सजिएका सुन्दर पोसाक
चैनको निद्रा सुत्ने तयारीमा छन् छविलालहरू
तर तिनीहरू नझकाउँदै
हुनेछ विस्फोट तिनका सिरानीहरूमा
र बन्नेछ सुन्दर संसार तिनका भग्नावशेषमाथि !
२०६८ चैत, अनेकोट
(पुनः प्रकाशित)

## नेकपाको प्रतिरोधात्मक ...

समाज, बुद्धिजीवी, विभिन्न पेसाकर्मी, किसान, मजदुर, पत्रकार सबैमा हार्दिक धन्यवाद व्यक्त गरिन्छ । साथै सबै देशभक्त, सच्चा लोकतन्त्रवादी, गणतन्त्रवादीहरू एकजुट भएर केपी-बादल कम्पनीले घोषणा गरेको प्रतिबन्धलाई निस्तेज पार्न आन्दोलनमा उत्रिन पनि अपिल गर्दछौँ । उक्त आन्दोलनमा हाम्रो पार्टी काँधमा काँध, हातमा हात मिलाएर अघि बढ्न तयार छ ।'

## नेकपामाथि लगाइएको ...

भएको बताएका छन् । बुधबार उक्त पार्टीको केन्द्रीय कार्यालय बुद्धनगरमा बसेको बैठकपछि प्रेसविज्ञप्ति जारी गर्दै उक्त पार्टीका अध्यक्ष मोहन वैद्य 'किरण' ले सरकारले राजनीतिक समस्याको समाधान राजनीतिक तरिकाले नभई प्रशासनिक तरिकाले गर्न खोजेको भन्दै एउटा कम्युनिस्ट पार्टीले अर्को कम्युनिस्ट पार्टीमाथि गरेको व्यवहार फासिवादी चरित्रको भएको बताएका छन् ।

यस्तै पुनर्गठित माओवादी केन्द्रका संयोजक गोपाल किराँतीले पनि विप्लवमाथि लगाइएको प्रतिबन्ध तुरुन्त फिर्ता लिनुपर्ने बताएका छन् । साथै उनले सरकारको उक्त कदम गलत भएको र यसले देशलाई द्वन्द्वतिर लैजाने बताएका छन् ।

यस्तै नेपाली काङ्ग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले सरकारले नेकपामाथि लगाएको प्रतिबन्ध गलत भएको बताएका छन् । यस्तै वाम बुद्धिजीवी विश्वभक्त दुलालले पनि सरकारले नेकपामाथि लगाएको प्रतिबन्धको विरोध गरेका छन् । एउटा कम्युनिस्ट विचार, आस्था र राजनीति बोकेको पार्टीमाथि सरकारले प्रतिबन्ध लगाउने कुरा गलत भएको उनले बताएका छन् । नेपाली काङ्ग्रेसकै नेता गगन थापाले प्रधानमन्त्रीको सन्की पाराले देशलाई द्वन्द्वतिर लैजाने खतरा उत्पन्न गरेको बताएका छन् । प्रधानमन्त्रीको सन्की पाराले देश नचल्ने भन्दै दुईतिहाइको सरकार तानाशाही अभ्यासमा लागेको उनले बताए ।

यस्तै राष्ट्रिय जनता पार्टी राजपाले पनि उक्त प्रतिबन्धको विरोध गरेको छ । उक्त पार्टीका नेता राजकिशोर मण्डलले सरकारको यस्तो कदमले देशमा भयानक अवस्था उत्पन्न हुने बताएका छन् । उनले अहिलेको सरकारलाई शक्तिको उन्माद चढेको भन्दै आफ्नो विरोध गर्नेजतिलाई निषेध गर्न खोजेको बताएका छन् ।

पूर्वमन्त्रीसमेत रहेका तत्कालीन माओवादी केन्द्रका वरिष्ठ नेता लोकेन्द्र बिष्टले विखण्डनकारी सीके राउतलाई सत्तामा ल्याउन खोज्नु र विप्लव नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाउनु गलत भएको बताएका छन् । बिष्टले विप्लवको पार्टीलाई प्रतिबन्ध लगाएर आपराधिक समूहको जस्तो व्यवहार गरेको बताएका छन् ।

संविधानविद् भीमार्जुन आचार्यले विप्लव नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाउने सरकारको निर्णय राजनीतिक प्रतिशोध भएको बताएका छन् । संविधानविद् आचार्यले राजनीतिक दलमाथि नै प्रतिबन्ध लगाउनु संविधानविरुद्धको कार्य भएको बताए ।

राजनीतिक दल खोल्न पाउने अधिकार नेपालको संविधानको मौलिक हकमा नै उल्लेख भएको बताउँदै आचार्यले दललाई नै प्रतिबन्ध लगाउने निर्णयले आफू आश्चर्यमा परेको भन्दै उक्त दलमाथि नै प्रतिबन्ध लगाउनु सरासर कानुनविपरीत भएको बताए । उनले भने, 'सीके राउतजस्तो देश विखण्डनको आन्दोलन चलाउने व्यक्तिलाई फूलमालाले सम्मान गर्ने तर देशका लागि भनेर आन्दोलनमा होमिएको दलमाथिको प्रतिबन्धले सरासर राजनीतिक प्रतिशोध साध्न सरकार लागेको छ भन्ने देखाउँछ ।'

पूर्वप्रधानमन्त्रीसमेत रहेका नयाँ शक्ति पाटीका संयोजक डा. बाबुराम भट्टराईले विप्लवमाथि लगाइएको प्रतिबन्ध गलत भएको बताए । यसले फेरि इतिहासको पुनरावृत्ति हुने उनको भनाइ छ । 'इतिहास दुईपटक दोहोरिन्छन् : पहिलोचोटि वियोगान्तका रूपमा र दोस्रोपटक मजाकको रूपमा' भन्दै भट्टराईले एउटा कम्युनिस्टले अर्को कम्युनिस्टमाथि गरेको प्रतिबन्ध विडम्बनापूर्ण भएको उनले बताएका छन् ।

पुनर्गठित माओवादी केन्द्रका अध्यक्ष गोपाल किराँतीले विप्लव नेतृत्वको नेकपामाथि लगाइएको प्रतिबन्धलाई फासिवादको संज्ञा दिँदै त्यसलाई तत्काल फिर्ता लिन सरकारसँग माग गरेका छन् । किराँतीको विज्ञप्तिमा भनिएको छ, 'इन्डो-प्यासिफिक कमान्डमा संलग्नता र सरकार-सीके राउत सहमतिको विखण्डनकारी प्रावधान खारेज गरियोस् । विप्लव नेकपाविरुद्धको प्रतिबन्ध तत्काल खारेज गरियोस् ।'

नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री खड्गप्रसाद वली र परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले अमेरिकाको ५०० मिलियन डलरमा लोभिएर इन्डो प्यासिफिक सैन्य कमान्डको अध्यक्षता स्वीकार गरेको र स्वतन्त्र मधेस गठबन्धनलाई वैधानिकता दिई सङ्घीय गणतन्त्र नेपाल विभाजनका लागि जनमतसङ्ग्रहजस्ता देशद्रोही सहमति गरेको किराँतीको विज्ञप्तिमा उल्लेख छ।

सरकारको यस्तो निर्णयले वैधानिक रूपमै देश विखण्डन र नेपाललाई च्याङ काईसेककालीन चिनियाँ स्थितितर्फ धकेलेको माओवादी केन्द्रको निष्कर्ष छ । केन्द्रद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'अफगानिस्तानलाई अड्डा बनाएर सोभियत सङ्घ उखेलेको पृष्ठभूमिमा इन्डो प्यासिफिक कमान्डको अध्यक्षता र ५०० मिलियन डलर घूसमा लोभ्याएर छिमेकी चीन र भारतविरुद्ध अर्को अफगानिस्तान खडा गर्ने साम्राज्यवादी रणनीतिमा संसद्वादी नेकपा सरकारले घुँडा टेक्न पुगेको छ ।'

अध्यक्ष किराँतीले भनेका छन्, 'वली-प्रचण्ड सरकार असंलग्न परराष्ट्र नीतिमा आधारित संविधानको ठाडै खिलाफमा गएको छ । अतः नेपालको राष्ट्रिय स्वाधीनता र अखण्डताको रक्षा एवम् सार्वभौम शान्तिका लागि वली–प्रचण्ड सरकारको राष्ट्रिय आत्मसमर्पणवादविरुद्ध जुट्न देशभक्त एवम् क्रान्तिकारी जनसमुदायमा नेकपा (माओवादी केन्द्र) जोडदार आह्वान गर्दछ ।'

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष कमल थापाले वास्तविक लुटेरा बालुवाटार र सिंहदरबार वरपर नै भएको दाबी गरेका छन् । शुक्रबार काठमाडौँको भृकुटीमण्डपमा आयोजित सभामा सम्बोधन गर्दै अध्यक्ष थापाले वाइडबडी खरिदकाण्ड, एनसेल करछली प्रकरण, ३८ किलो सुनकाण्डका वास्तविक लुटेरा बालुवाटार र सिंहदरबार वरपर नै भएको दाबी गर्दै भने, 'सक्छौ भने यिनीहरूलाई प्रतिबन्ध लगाऊ । वाइडबडी खरिदकाण्ड, एनसेल करछली प्रकरण, ३८ किलो सुन तस्करीजस्ता काण्ड राज्यकै संरक्षणमा भइरहेका छन् ।'

यसैबीच नेपाली काङ्ग्रेसका नेता प्रकाशमान सिंहले देशमा द्वन्द्व निम्त्याउन सरकार आफैँ लागिपरेको बताएका छन् । नेता सिंहले विप्लव नेतृत्वको ने.क.पा.लाई प्रतिबन्ध लगाएर सरकारले देशलाई द्वन्द्वतर्फ धकेलेको बताए । प्रधानमन्त्री वलीकै पार्टीका कतिपय नेताले नै थाहा नहुने गरी सरकारले निर्णय गरेको र दुईतिहाइ बहुमत छ भन्दै मनपरी गर्न नमिल्ने भन्दै नेता सिंहले राष्ट्रिय सुरक्षाका विषयमा सबै दलसँग छलफल र वार्ता गरेर निकास निकाल्नुपर्नेमा विप्लवमाथिको प्रतिबन्ध समस्याको समाधान नभएको बताएका छन् ।

सरकारले सीके राउतले जनमतसङ्ग्रह गर्ने सहमति भएको दाबी गरिरहँदा पनि सरकार चुप भएको भन्दै आपत्ति जनाए । 'सीके राउत र सरकारले सम्झौताबारे दुवैले आआफ्नै व्याख्या गरिरहेका छन्', उनले भने, 'सीके राउतले जनमतसङ्ग्रहका विषयमा बोल्दा सरकार किन चुप छ ?' नेकपामाथि लगाइएको प्रतिबन्धको केपी प्रचण्डकै पार्टी नेपाल कम्युनिस्ट पार्टी निकट कलाकार बद्री पङ्गेनीले त गीत नै गाएर विरोध गरेका छन् भने चर्चित अभिनेत्री रेखा थापाले समेत क्रान्तिकारी पार्टीलाई प्रतिबन्ध लगाएर सरकारले गृहयुद्ध चाहेको कुरा बताइसकेकी छिन् ।

यस्तै अर्को कम्युनिस्ट घटक नेपाल कम्युनिस्ट पार्टीले पनि विप्लव नेतृत्वको नेकपामाथिको प्रतिबन्धको विरोध गर्दै उक्त प्रतिबन्ध पराजित भएर जाने बताएको छ । पार्टी अध्यक्ष ऋषि कट्टेलले विज्ञप्ति जारी गर्दै २००८ सालमा काङ्ग्रेसले कम्युनिस्टमाथि प्रतिबन्ध लगाएको, २०१७ सालमा राजाले लगाएको प्रतिबन्ध असफल भएजस्तै कम्युनिस्ट नामको केपी-प्रचण्ड सरकारले नेकपामाथि लगाएको प्रतिबन्ध पराजित हुने बताएका छन् । साथै कट्टेलले उक्त प्रतिबन्धलाई सबै मिलेर विरोध गर्नुपर्ने पनि बताएका छन् ।

सरकारले गत मङ्गलबार साँझ नेकपाका सबै राजनीतिक गतिविधिहरूलाई प्रतिबन्ध लगाउने घोषणा गरेको हो । उक्त प्रतिबन्धपछि नेकपाका महासचिव विप्लवले विज्ञप्ति जारी गरी उक्त प्रतिबन्धको डटेर प्रतिरोध गर्ने घोषणा गरिसकेका छन् । उक्त कुरालाई जोड दिँदै नेकपाका स्थायी समिति सदस्य तथा पश्चिम केन्द्रीय कमान्ड इन्चार्ज कञ्चनले सरकारी प्रतिबन्धबाट आफ्नो पार्टीका कुनै पनि संरचना विचलित र फेरबदल नहुने प्रस्ट पारेका छन् । यस्तै अर्का स्थायी समिति सदस्य तथा मध्यकेन्द्रीय कमान्ड इन्चार्ज सुदर्शनले पनि पार्टीपङ्क्ति विचलित नहुने र उक्त प्रतिबन्धको पार्टी, जनसेना र जनसत्ताले डटेर सामना गर्ने घोषणा गरिसकेका छन् । नेकपामाथि सरकारले प्रतिबन्ध लगाएपछि प्रधानमन्त्रीले चर्को भाषण गरिरहेको अवस्थामा र नेकपाका नेताहरूले कथित प्रतिबन्धको डटेर सामना गर्ने बताइरहेको बेला अब देश गृहयुद्धतिर जानसक्ने भन्दै राजनीतिक वृत्तमा चिन्ता उत्पन्न भएको छ ।

## पार्टी, सेना ...

हार्दिक धन्यवादसमेत दिएका छन् । उनले भनेका छन्, 'सरकारले हाम्रो पार्टीमाथि प्रतिबन्ध लगाउनुको अर्थ हाम्रो पार्टी बलियो र सरकार कमजोर हुनुको परिणाम हो । हाम्रो पार्टीका महासचिव विप्लवको नेतृत्वमा सम्पूर्ण पार्टीपङ्क्ति, जनमुक्ति सेना नेपाल, क्रान्तिकारी जनपरिषद् सबैखाले प्रतिबन्धको सामना गर्न तयार रहेका छन् ।'

नेकपाको मध्यकेन्द्रीय कमान्डको अभियानको समीक्षा कार्यक्रममा कार्यकर्ताहरूलाई प्रशिक्षण दिँदै कमान्ड इन्चार्ज सुदर्शनले शनिबार यस्तो बताएका हुन् । नेकपाको पूर्वी ताम्सालिङ ब्युरो इन्चार्ज विजयको सञ्चालन र केन्द्रीय सदस्य उत्तमले स्वागत भाषण गरेको समीक्षा कार्यक्रममा मध्यकेन्द्रीय कमान्डमा परिचालित अभियान टोलीलाई बिदाइ गरिएको थियो ।

दुईमहिने सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान २ को उक्त समीक्षा कार्यक्रममा ५ आधारलाई ४ इलाकासँग जोड्ने पार्टीको नीति जनतामा लगेर प्रचारप्रसार गर्न सफल भएको निष्कर्षसहित कम्तीमा २० हजार जनतासँग प्रत्यक्ष साक्षात्कार र अन्तरक्रिया गरिएको जानकारी अभियान टोलीका एक नेताले दिएका छन् । साथै अभियानको अवधिमा जुझारु सङ्घर्षको हिसाबले पार्टी धेरै अघि बढिसकेको र पार्टीको प्रभाव धेरै माथि उठेको निष्कर्ष निकालिएको थियो । समीक्ष ा कार्यक्रममा अभियान टोलीका प्रमुखहरू आस्था, रवि, राप्ती, शरद, ध्रुव, ज्वालालगायतले अभियानको समीक्षात्मक रिपोर्ट पेस गरेका थिए । नेकपाको मध्यकेन्द्रीय कमान्डमा देशैभरिबाट केन्द्रित भएका अभियानकर्मीहरूलाई कमान्ड इन्चार्ज सुदर्शनले 'टोकन अफ द रिभोलुसन' दिएर बिदाइ गरेको प्राप्त समाचारमा जनाइएको छ ।

## नेकपाका नेता ...

परिसरमा राखेर उक्त मुद्दा दायर गर्न अदालत ल्याइएको थियो । जिल्ला अदालत काठमाडौँले जीवन्तलाई पाँच दिनको म्याद थपेको छ। आइतबार म्याद थपे पनि ३ दिन पूरा भइसकेकाले चैत ५ गते मङ्गलबार अदालतमा हाजिर गर्न जिल्ला न्यायाधीश रमेशराज पोखरेलले आदेश दिएका थिए ।

न्यायाधीश पोखरेलको १ नं. इजलासमा निवेदक जीवन्तका तर्फबाट बहस गर्दै कानुन व्यवसायीहरूले गैरकानुनी पक्राउ, बिनाआधार र प्रमाण देशद्रोहको मुद्दा लगाउनु नेपालको संविधान, कानुन र शान्तिप्रक्रियाविरोधी भएकाले अदालतबाट रिहाको आदेश हुनुपर्ने जिकिर गरेका थिए ।

त्यसैगरी अखिल किसान महासङ्घ (क्रान्तिकारी) का संयोजक राजु कार्की, अर्का युवा नेता केदार अतिवडालाई थप ४ दिन म्याद थप गरेको छ भने युवा सङ्गठनका जयराम डङ्गोललाई तीन दिन म्याद थप गरेको छ । चारैजनालाई महानगरीय प्रहरी परिसर टेकुमा राखिएको छ ।

## कसैको हत्या गर्ने...

भनेको छ, 'बरु प्रचण्ड नै यसरी व्यक्तिहत्याका कुरा गर्दथे । अहिले देश र जनताप्रति गरेको गद्दारी र यो सरकारप्रति जनताको दिनानुदिनको आक्रोशलाई कम गरी लुटको स्वर्ग बचाइराख्न योजनाबद्ध यस्ता समाचारहरू बनाइएका छन् ।'

नेकपाले भनेको छ, 'केपी-बादल कम्पनीले जनताका पक्षमा सशक्त आवाज उठाइरहेको र जनतामा लोकप्रिय बन्दै गइरहेको एक राजनीतिक पार्टीमाथि सामाजिक फासिवादी तरिकाले प्रतिबन्ध घोषणा गर्नुका साथै देशैभरि अप्रेसन चलाएको छ । यो कम्पनीले युद्ध लाद्न खोजिरहेको छ । यसैको एउटा हथकण्डा हत्याको प्रचार हो ।'

## सिके र सरकारबीचको ...

र सौदाबाजी हुन् । त्यहाँ न देश र जनताको विषय हुन्छ, न ती विषयप्रति नै उनीहरू इमानदार हुन्छन्, न त उनीहरूले फलाक्ने कथित सम्झौताहरूबाट शान्ति नै स्थापना हुन्छ । केवल जनतालाई भ्रमित गर्ने र आफ्नो वर्गस्वार्थ पूरा गर्ने उद्देश्य अन्तरनिहित हुन्छ । हाम्रो स्पष्ट दृष्टिकोण छ- दलाल पुँजीवादी सत्ताका कारणले पैदा भएका वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरू दलाल पुँजीवादी सत्ताभित्रै गरिने सम्झौताद्वारा कदापि समाधान हुँदैनन्, न त जातीय, क्षेत्रीय भिडन्त र विखण्डनबाट नै समाधान हुन्छन् । उत्पीडन, शोषण, दमनबाट श्रमिक जनताले मुक्ति केवल दलाल पुँजीवादी सत्ताको अन्त्य र वैज्ञानिक समाजवाद–साम्यवादको स्थापनाबाट मात्र प्राप्त गर्न सक्छन् । हालै प्रचार गरिएको सरकार र सीके राउतबीचको कथित ११ बुँदे सम्झौता उत्पीडनमा परेका मधेसी जनता र शान्ति चाहने नेपाली जनताको चाहनासँग सम्बन्धित छैन । यसबाट न मधेसी जनताले कुनै अधिकार पाउनेछन्, न त विखण्डनकारी प्रवृत्तिको नै अन्त्य हुनेछ । मधेसी जनताको मुक्ति र देशमा शान्ति दलाल पुँजीवादी सत्ता चलाएर वा देश टुक्र्याएर हुनेछैन । तिनको प्राप्ति नेपालबाट दलाल पुँजीवादी सत्तालाई अन्त्य गरेर वैज्ञानिक समाजवाद स्थापना गरेपछि मात्र हुनेछ । जतिबेलासम्म दलाल पुँजीवादी सत्ता कायम हुनेछ त्यतिबेलासम्म जनतामाथि वर्गीय, जातीय, क्षेत्रीय उत्पीडन कायम हुनेछ भने त्यसबाट अनेकौँ सङ्घर्षका स्वाभाविक र अस्वाभाविक रूपहरू उत्पन्न भइरहनेछन् । तसर्थ हामी पार्टीका तर्फबाट सबै नेपाली देशभक्त, लोकतान्त्रिक, कम्युनिस्ट शक्तिहरू र मधेसी जनतालाई यस्ता कथित सम्झौताहरूको भ्रममा नपरी देशलाई दीर्घ शान्तिमा पुऱ्याउनका लागि एकीकृत जनक्रान्तिमा सहभागी बनौँ भन्ने अपिल गर्दछौँ ।'

छिटो, छरितो, भरपर्दो, सरल

सस्तो दरमा डकुमेण्ट, पार्सल तथा कार्गो नेपालको हरेक ठाउँमा पठाउनु परेमा यती एअरलाइन्समा सम्पर्क गर्नुहोला ।



सम्पर्क: ०१ ४४८६१५७, ०१ ४४६५८८८ Ext. १०४, ११८

Yeti Airlines
You come first
www.yetiairlines.com

Yeti Airlines operates 7 Jetstream-41 advanced turbo prop aircrafts catering to widest network sectors every day.

Yeti Airlines Domestic Pvt. Ltd. Corporate Office: Tilganga, Kathmandu, Tel: 4465888 Fax: 4465115 Reservations: 4464878 (Hunting Line), Kathmandu Airport: 4493901 Email: reservations@yetiairlines.com •Bhadrapur: 023-455232•Biratnagar: 021-536612•Tumlingtar: 029-575120•Janakpur: 041-520047•Bharatpur: 056-523136•Pokhara: 061-464888•Bhairahawa: 071-527527•Nepalgunj: 081-526556•Dhangadi: 091-520004
For any service suggestions, call 977-1-4465888 (Ext. 621) or email us at feedback@yetiairlines.com

**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५




## सूचना


जनसमुदायको हितका लागि यस्तो बृहत् आयोजना कार्यान्वयन गर्ने क्रममा सर्वसाधारणलाई पर्न गएको असुविधाप्रति खानेपानी तथा सरसफाइ मन्त्रालय र आयोजना कार्यान्वयन निर्देशनालय/काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड क्षमायाचना गर्दै यस कार्यमा सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैलाई आग्रह गर्दछ ।


| मिति | स्थान | छलफलका विषयहरू | सहभागीहरू |
|---|---|---|---|
| चैत्र २३, २०७४ | बल्खु | मेलम्ची आयोजनाका पाइपहरू बिछ्याउँदा काठमाण्डौ महा( नगरपालिका (कामपा) वडा नं १४ ले शुरू गरेका निर्माणकार्यहरूमा असर नपरोस् भनी सुनिश्चित गर्न आवश्यक समन्वय गर्ने | निर्वाचित जनप्रतिनिधिहरू, निर्देशनालयका पदाधिकारीहरू, स्थानीयबासीहरू |
| चैत्र २८, २०७४ | हाँडीगाउँ | कामपा वडा नम्बर ५ का वडाध्यक्ष र स्थानीयबासीहरूसँग समन्वय गरी मेलम्चीको डिआइ पाइप बिछ्याउने कार्य सुचारू गर्ने | निर्वाचित जनप्रतिनिधिहरू, निर्देशनालयका पदाधिकारीहरू, स्थानीयबासीहरू |
| जेठ ७, २०७५ | मैतीदेवी | खानेपानी आपूर्तिमा सुधार<br>खानेपानीको पाइप बिछयाइसकेपछि सडक पुनर्स्थापन | काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड र निर्देशनालयका पदाधिकारीहरू, स्थानीयबासीहरू |
| जेठ ९, २०७५ | तपखेँ टोल, भक्तपुर | पाइपलाइन बिछ्याउने क्रममा बालीमा क्षति पुगेकोले त्यस वापत् क्षतिपूर्ति दिने<br>पाइप बिछयाउने क्रममा निजी जमीनको क्षति न्यूनीकरण गर्ने उद्देश्य लिइ आवश्यक उपायहरू अपनाउने | स्थानीय महिलाहरू, निर्देशनालयका पदाधिकारीहरू |
| जेठ २८, २०७५ | टोखा नगरपालिका | नगरपालिकाको वडा नं ९ मा पाइप बिग्रन गइ क्षति पुगेकोले क्षतिपूर्ति सम्बन्धमा छलफल<br>पाइपको मर्मत | निर्वाचित प्रतिनिधिहरू, निर्माण व्यवसायी र परामर्शदाताका प्रतिनिधिहरू |

काठमाण्डौ पानी

गुनासा र सुझावको लागि
आयोजना कार्यान्वयन निर्देशनालय
**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड**
अनामनगर, काठमाण्डौ
टोल-फ्रि नम्बरः ११३९, फोन नंः ४२२२९८६, ४२२४९८६ एक्स्टेन्सन १३१, फ्याक्सः ४२२४०५७
www.kuklpid.org.np




निर्देशक : गुणराज लोहनी, प्रबन्ध निर्देशक : भिमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुबेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं